# विद्यालय शिक्षामा स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरिवेक्षणको व्यवस्थाका लागि तयार पारिएको

**मस्यौदा**

Edupatra.com

२०७९ असोज

## कृतज्ञता

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७९ साउन २९ गतेको चलानी नं ३४ को पत्रबाट प्राप्त तथा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने माननीय सदस्य पुष्पमण वाग्ले (पिएचडी) को संयोजकत्ममा गठित समितिको वैठकबाट गठित मस्यौदा लेखन उपसमितिलाई एक महिनाको समयावधि दिएर विद्यालय सञ्चालनका लागि स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरिवेक्षणको व्यवस्था मिलाउन संविधानको अनुसूचीमा उल्लिखित अधिकार तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन समेतका आधारमा मस्यौदा तयार गर्ने जिम्मेवारी प्राप्त भएको थियो । उपसमितिले विभिन्न शैक्षिक दस्तावेजहरूको अध्ययन तथा छलफलबाट मस्यौदाको प्रति तयार पारेको छ।उक्त मस्यौदामा विद्यालय शिक्षामा स्रोत व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धिका तरिकाहरू तथा सङ्घीय संरचनामा सुपरिवेक्षण र शिक्षक सहायक प्रणाली स्थापना गर्नका लागि जरुरी देखिएको उपायहरू सुझावको रूपमा औंल्याइएको छ । विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा मस्यौदाका प्रावधानहरूलाई अन्तिम प्रतिवेदनमा समावेश गरी कानुनी तथा नीतिगत व्यवस्थामार्फत कार्यान्वयनमा ल्याउन सकेमा उपसमितिको प्रयासले सार्थकता पाउनेछ । मस्यौदा लेखन उपसमितिको तर्फबाट यो लेखन अवसरको लागि राष्ट्रिय योजना आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

उपसमिति

| | |
|---|---|
| उपमहानिर्देशक श्रीप्रसाद भट्टराई, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | संयोजक |
| उपसचिव घनश्याम अर्याल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्राल | सदस्य |
| कार्यक्रम निर्देशक खिलराज राई, राष्ट्रिय योजना आयोग | सदस्य |
| प्रतिनिधि, सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय | सदस्य |
| अध्यक्ष सुप्रभत भण्डारी, नेपाल अभिभावक महासङ्घ | सदस्य |
| महासचिव लक्ष्मी किशोर सुवेदी, नेपाल शिक्षक महासङ्घ | सदस्य |
| अध्यक्ष पाण्डव हामाल, एन प्याब्सन | सदस्य |
| उपाध्यक्ष टिआर ढकाल, प्याब्सन | सदस्य |
| उपाध्यक्ष गुणराज मोक्तान, सा. वि. व्य. स महासङ्घ | सदस्य |

मस्यौदा लेखन उपसमिति (मितिः २०७९ असोज १३ गते)


Edupatra.com

# विषय सूची

## खण्ड - एक

## प्रारम्भिक

1.1. पृष्ठभूमि ............ 1
1.2. विद्यालय शिक्षामा हालसम्मका अभ्यास ............ 1
क) वि.सं. १९१० भन्दा अगाडिको शिक्षा (प्राचीनकालीन शिक्षा ) ............ 2
ख) वि. सं. १९१० देखि वि.सं. २००७ सम्म (राणाकालीन शिक्षा) ............ 3
ग) वि.सं. २००७ देखि वि.सं. २०४६ सालसम्म भएका व्यवस्था ............ 3
घ) वि.सं. २०४७ देखि हालसम्मको शिक्षा ............ 5
1.3. विद्यालय शिक्षाको विद्यमान संरचना ............ 9
१.4. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू ............ 10
1.5. विद्यालय शिक्षामा हालको अवस्था ............ 11

## परिच्छेद - दुई

Edupatra.com

## स्रोत साधनको व्यवस्थापन

२.१. परिचय ............ 13
2.2. हालको अवस्था र विश्लेयण ............ 13
२.३. दिगो विकास लक्ष्य र शिक्षामा लगानी ............ 15
2.4. अनुमानित लागतको विश्लेषण ............ 16
२.५. समस्या तथा चुनौतीहरू ............ 16
2.5.1. कानुनी तथा नीतिगत ............ 16
2.5.2. संस्थागत ............ 17
2.5.3. कार्यक्रमगत ............ 18
2.6. स्रोत साधनको उत्पादनका तरिका ............ 18
2.7. स्रोत साधन व्यवस्थापनमा सुधारका क्षेत्र ............ 20
अ) प्रारम्भिक बाल विकास तथा शिक्षा ............ 21
2.8. समस्या तथा चुनौतीहरु ............ 22
2.8.1. नीतिगत ............ 22
2.8.2. संस्थागत ............ 22
2.8.3. कार्यक्रमगत ............ 22
2.9. सुधारका लागि सुझावहरू ............ 23
आ) आभारभूत तथा माध्यमिक शिक्षा ............ 24
२.10. समस्या तथा चुनौतीहरू ............ 24

2.10.1. नीतिगत ........ 24
2.10.2. संस्थागत ........ 26
2.10.3. कार्यक्रमगतः ........ 26
2.11. सुधारको बाटो ........ 27

## खण्ड - तीन
## गुणस्तर अभिवृद्धि

३.१. परिचय ........ 30
३.२. विद्यालय शिक्षामा गुणस्तरको हालको अवस्था ........ 30
3.3. विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धिका समस्या तथा चुनौतीहरू ........ 31
3.3.1. नीतिगत ........ 31
3.3.2. कानुनी ........ 32
3.3.3. कार्यक्रमगत ........ 33
3.3.4. व्यवहारिक ........ 33
3.4. गुणस्तर अभिवृद्धिका लागि गरिने कार्यहरू ........ 34
3.4.1. शैक्षिक वातावरण विकास ........ 34
3.4.२. शिक्षक तयारी, विकास, पेशागत सहयोग र व्यवस्थापन ........ 36
3.4.३. पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्री ........ 40
3.4.४. अनुगमन, परीक्षा र मूल्याङ्कन ........ 42
3.4.५. शैक्षिक सुशासन ........ 44
क) निजी विद्यालय व्यवस्थापन ........ 45
ख) पारदर्शी, जवाफदेही र सहभागितात्मक प्रणाली विकास ........ 47
3.4.6. गुणस्तरीय सेवा प्रवाह ........ 49

## खण्ड - चार

सुपरिवेक्षणको व्यवस्था_Toc113885660

४.१. विद्यालय शिक्षामा सुपरिवेक्षणको विद्यमान अवस्था ........ 51
4.2. विद्यालय शिक्षाको सुपरिवेक्षणका समस्या र चुनौतीहरू ........ 51
4.2.1. नीतिगत ........ 51
4.2.2. कानुनी ........ 52
4.2.3. कार्यक्रमगत ........ 52
4.2.4. व्यवहारिक ........ 52
4.3. प्रभावकारी सुपरिवेक्षणका लागि गरिनु पर्ने सुधारहरू ........ 52

## खण्ड - पाँच
## विविध

Edupatra.com

५.१. सङ्घीय इकाइको भूमिका ... 55
5.1.1. सङ्घको भूमिका ... 55
5.1.२. प्रदेश तहको भूमिका ... 56
5.1.३. स्थानीय तहको भूमिका ... 56
५.२.सङ्घीय इकाइहरूबिचको समन्वय ... 57
५.३.शिक्षामा अन्तर क्षेत्र र तहगत चुनौतीहरू ... 58

Edupatra.com

# खण्ड – एक
# प्रारम्भिक

## 1.1. पृष्ठभूमि

शिक्षा जीवनको सारथी हो ।शिक्षा नै विकासको साधन र साध्य हो । नेपालको राष्ट्रिय आकांक्षा: सुखी नेपाली र समृद्ध नेपालको लक्ष्य पूरा गर्ने साधन शिक्षा हो। शिक्षाको विकासले नै व्यक्ति, समाज र राष्ट्रलाई सही बाटोमा डोर्‍याउँछ । शिक्षाको माध्यमबाट व्यक्तिको सर्वाङ्गीण विकास हुन्छ र जीवन खुसीपूर्ण बन्छ। शिक्षाबाट नै नैतिकवान, सिपवान, क्षमताशील, दक्षतायुक्त, अनुशासित, प्रतिस्पर्धी र सिर्जनशील नागरिक तयार गर्न सकिन्छ जसबाट राष्ट्रिय अभीष्ट पूरा गर्न सहज हुन्छ। नेपालको संविधानले व्यवस्था गरे अनुरूप अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सबै तहमा गुणस्तरीय शिक्षा प्राप्त गर्नु प्रत्येक नेपालीको नैसर्गिक अधिकार हो । नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने व्यक्तित्व विकासको संवाहकका रूपमा अङ्गीकार गरेको सन्दर्भ तथा शिक्षासम्बन्धी दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, शिक्षा नीति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेतलाई दृष्टिगत गरी विद्यालय शिक्षामा समसामयिक सुधार गर्दै स्रोतको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरिवेक्षणका क्षेत्रमा रूपान्तरण गर्न यो मस्यौदा तयार गरिएको छ।नेपालको संवैधानिक व्यवस्था, पन्ध्रौं योजनामा तय गरिएका शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, राष्ट्रिय शिक्षा नीति, २०७६ का मार्गदर्शन, सामुदायिक विद्यालय सवलीकरण कार्यक्रम २०७६-२०८५, विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२०२२) का उपलब्धि, दिगो विकास लक्ष्य ४ सम्बन्धी नेपाल राष्ट्रिय कार्यढाँचा (सन् २०१९-२०३०), विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०) तथा नेपालले राष्ट्रिय र अन्तरार्ष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरू समेतका आधार तयार गरिएको यस दस्तावेज कार्यान्वयनबाट विद्यालय शिक्षामा प्रभावकारी सुपरिवेक्षण प्रणाली स्थापना हुने र स्रोतको उचित व्यवस्थापनमार्फत गुणस्तरीय शिक्षा प्राप्तिमा सहज हुनेछ । साथै यस दस्तावेजका प्रावधानको कार्यान्वयनबाट गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चित गरी राष्ट्रिय मानकको शैक्षिक उपलब्धि हासिल भइ मुलुकको आर्थिक-सामाजिक रूपान्तरणमा पर्याप्त नतिजा देखिनेछ ।

## 1.2. विद्यालय शिक्षामा हालसम्मका अभ्यास

प्राचीनकालदेखि नै नेपाल ज्ञान निर्माणको केन्द्र रहेको अभिलेख भेटिन्छ ।गुरूकुलीय शिक्षा पद्धतिबाट सुरू भएको नेपालको शिक्षा मठमन्दिर, गुम्बा, मस्जिद आदिमा आधारित धार्मिक विषयवस्तुमा केन्द्रित शिक्षा प्रणाली नेपाली समाजमा चलेको थियो । अनौपचारिक शिक्षा मूलतः पूर्वीय दर्शन र धार्मिक परम्परामा आधारित थियो भने धार्मिक संस्था, परिवार, टोल, समुदायमा क्रमशः विस्तार हुँदै परम्परागत शिक्षाले अर्धऔपचारिक मार्गबाट आधुनिक औपचारिक पद्धतिमा पुगेको देखिन्छ ।

Edupatra.com

## क) वि.सं. १९१० भन्दा अगाडिको शिक्षा (प्राचीनकालीन शिक्षा )

नेपालमा परम्परागत रूपमा चल्दै आएका हिन्दु-वैदिक शिक्षा आमा, बुबापछि ऋषिमुनिहरूबाट निर्देशित रहेको पाइन्छ । देवकुल, राजकुल, पितृकुल र गुरूकुल प्राचीन पठनपाठनका मुख्य केन्द्र थिए । वैदिक शिक्षामा वैदिक संहिता, वेदवेदाङ्ग, दर्शन, नीतिशास्त्र, ज्योतिष, आयुर्वेद, मीमांसा, व्याकरण, श्रुतिस्मृति, न्याय जस्ता विषयहरूको पठनपाठन गराइन्थ्यो ।

लिच्छविकालमा नेपालीहरू उच्च शिक्षाका लागि नालन्दा र विक्रमशिला विश्वविद्यालय जाने गर्थे । लिच्छविकालमा शिक्षा मूलतः धर्म प्रधान थियो । लिच्छविकालीन विद्या केन्द्रहरू गुठीको आयस्ताबाट चल्दथे । राजा अंशुवर्माले शिक्षा आर्जनका लागि शैव, वैष्णव र बौद्ध सम्प्रदायमा शिक्षण संस्थालाई वर्गीकरण गरी भिन्नाभिन्नै शिक्षा दिने चलन चलाएका थिए ।

मल्लकालमा जयस्थिति मल्लले मठ र मन्दिरमा हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षा विकासमा जोड दिएका थिए । पाटनका राजा सिद्धिनरसिंह मल्लले धर्मबाट शिक्षालाई छुट्याइ दिएका थिए तर यस अगाडि शिक्षा धर्मका माध्यमबाट दिइन्थ्यो। मल्लकालमा शिक्षालाई ऐच्छिक रूपमा कायम गरी शिक्षालाई व्यवसायिक सिपसँग जोडिएको थियो ।

वि.सं. १८२५ मा नेपालको एकीकरण भएपश्चात सैनिक जवानका टुहुरा बच्चालाई सैनिक शिक्षा दिने र सैनिक सेवामा भर्ना गर्ने कार्य राष्ट्रले सुरू गरेको थियो । सोही वेलादेखि राज्यको तर्फबाट छात्रवृत्ति दिने प्रचलन पनि सुरू भयो । नेपालको एकीकरण पूर्व धार्मिक सङ्घसंस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाको लागि खर्चको प्रबन्ध हुने गरेको पाइन्छ। सो क्रम एकीकरण पश्चात पनि कायम रहेको पाइन्छ । परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन कायम थिए।

Edupatra.com

## ख) वि. सं. १९१० देखि वि.सं. २००७ सम्म (राणाकालीन शिक्षा)

राणाकालीन समयमा शिक्षा विकासका लागि केही उल्लेखनीय प्रयास भएका थिए । यस अवधिको शिक्षा शासक केन्द्रित थियो । वि.सं.१९१० मा थापाथली दरबारमा खोलेको दरवार स्कुल नै औपचारिक शिक्षा प्रणालीको पहिलो जगको रूपमा लिइन्छ। वि.सं. १९१५ मा शिक्षा निर्देशकको कार्यालय शिक्षा विभाग (डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन) स्थापना गरियो। जसलाई शिक्षा विकासमा उल्लेख्य कदमको रूपमा लिइन्छ । यसै गरी वि.सं. १९६७ मा स्रेस्ता पाठशालामा अध्ययनरत विद्यार्थीको परीक्षा लिन पास जाँच अड्डाको स्थापना भयो । उच्च शिक्षाको औपचारिक सुरुआत भने वि.सं. १९७५ मा त्रिभुवन चन्द्र कलेजको स्थापनाबाट मानिन्छ । भाषा पाठशालाको निरीक्षण गर्न वि.सं.१९७६ मा पाठशाला बन्दोवस्त नागरिक फाँट स्थापना गरी इन्स्पेक्टरी अफिसको स्थापना गरियो । वि.सं.१९९० सालमा एस.एल.सी. परीक्षा बोर्ड गठन पश्चात उक्त परीक्षा नेपालमा लिन थालियो । शिक्षालाई व्यवस्थित बनाउनका लागि कानूनी रूप दिन सर्वप्रथम वि.सं. १९९६ माघ ८ गते ४२ दफाको शिक्षाको इस्तिहार जारी गरिएको थियो । सोपश्चात वि.सं. १९९८ मा चिफ इन्स्पेक्टर अफ स्कूल्स अफिसको स्थापना भयो। वि.सं.२००३ सालमा पूर्वाञ्चलको जनकपुर र पश्चिमाञ्चलको पाल्पामा विद्यालय उपनिरीक्षकको कार्यालय स्थापना गरिएको थियो । राणाकालीन अवधिमा नेपालमा ३२१ वटा प्रा. वि., २०३ वटा मिडिल स्कुल, ११ वटा मा. वि., २ वटा उच्च शिक्षण संस्था, एउटा महाविद्यालय, ४० वटा जति धार्मिक तथा अन्य शैक्षिक संस्थाहरू र ३१ वटा पुस्तकालय रहेको तथ्याङ्क पाइन्छ । राणाकालको अन्त्यमा नेपालको साक्षरता २ प्रतिशत रहेको जसमा महिला साक्षरता ०.७ प्रतिशत रहेको थियो ।

## ग) वि.सं. २००७ देखि वि.सं. २०४६ सालसम्म भएका व्यवस्था

वि.सं.२००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा बदलिँदो परिस्थितिमा योजनाबद्ध प्रयासका साथ राज्यले शिक्षामा लगानी बढाउन थाल्यो । चरणबद्ध शैक्षिक सुधारका लागि वि.सं. २००९ मा रूद्रराज पाण्डेको अध्यक्षतामा २० सदस्यीय शिक्षा आयोग स्थापना भयो र सोको सिफारिसलाई कार्यान्वयन गर्न थालियो । समुदायहरू विद्यालय खोल्ने र बालबालिकाहरूलाई शिक्षा दिने कार्यमा सक्रिय रहन थाले । यसबाट शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा क्रमिक रुपमा वृद्धि हुन थाल्यो।

शैक्षिक प्रशासन र निरीक्षणलाई व्यवस्थापन गर्न वि.सं. २०१० सालमा धनकुटा, जनकपुर, काठमाडौं, पोखरा, तौलिहवा, नेपालगञ्ज र डोटी गरी ७ क्षेत्रमा नेपाललाई विभाजन गरी प्रत्येक क्षेत्रमा एउटा डिभिजनल इन्स्पेक्टर अफ स्कूल्स कार्यालय स्थापना गरियो ।

नेपालमा शिक्षा २०१० ले नेपाललाई बिसौं शताव्दिको आवश्यकता पुरा गर्न तालिम प्राप्त जनशक्ति निर्माण गर्ने आधार पाठशाला तथा व्यावसायिक र व्यावहारिक दुबै शिक्षाको महत्व उठान गरेको थियो । वि.सं.२०११ मा राष्ट्रिय

शिक्षक शिक्षण केन्द्र र वि.सं. २०१३ मा कलेज अफ एजुकेशनको स्थापना भएको थियो । वि.सं.२०१४ मा ३१ वटा सबइन्स्पेक्टर अफिसहरू स्थापना गरियो । वि.सं. २०१६ सालमा तत्कालीन ३२ प्रशासकीय जिल्लालाई २८ जिल्लामा विभाजन गरी २८ जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना गरियो । वि.सं.२०१८ सालमा १४ अञ्चल शिक्षा अधिकारीको कार्यालय र ७५ जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना भयो ।

पञ्चायती व्यवस्था अनुकूलको शिक्षाका लागि सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ गठन भयो र त्यसले प्राथमिक शिक्षा अनिवार्य, संस्कृत शिक्षाको विकास, १३ वर्षको विद्यालय शिक्षाको अवधि कायम गर्ने कार्यहरू भए । आयोगको सिफारिस अनुसार शिक्षा ऐन, २०१९ जारी गरिएको थियो तर प्रभाव देखाउन सकेन् । प्रशासन सुधार विकेन्द्रीकरण आयोगको प्रतिवेदन, २०२० को सुझावअनुसार प्राथमिक स्कूलको सञ्चालन गाँउ पञ्चायतबाट तथा माध्यमिक स्कूलको सञ्चालन जिल्ला पञ्चायतबाट शुरू गरियो । शिक्षा विभागबाट वितरण हुँदै आएको आर्थिक सहायत सम्बन्धित जिल्ला पञ्चायतबाट हुन थाल्यो । शिक्षा विभागले कुनै जिल्लामा थप स्कूलहरू खोल्न चाहेमा उक्त स्कूलहरूको स्थान निर्धारण गर्ने कार्य विभागीय नीति र निर्देशनभित्र रही जिल्ला पञ्चालयतले गर्न पुग्यो। वि.सं. २०२० मा २८ गाउँ विकास समिति र २ वटा नगरपालिकामा निःशुल्क तथा अनिवार्य शिक्षाको सुरूवात गर्न थालियो ।

२०२५ सालमा प्रशासन सुधार आयोग गठन गरी सोको प्रतिवेदन लिइयो । जसले सरकार स्कूल कलेजहरू वृद्धि गर्दै जाने लक्ष्यबाट मात्रै प्रेरित हुनु हुँदैन, शिक्षाको गुणात्मक र व्यावसायिक बृद्धितिर सरकारको बढी ध्यान जानु वुद्धिमता हुन्छ, भएकै स्कूल र कलेजहरुलाई सक्षम र सुद्दढ गर्न तुरून्तै कदम चाल्नुपर्छ, स्कूल कलेजहरूको स्थापना राजनीतिक चापको आधारमा नभई जिल्ला र देशको वास्तविक आवश्यकताको आधारमा हुनुपर्दछ, शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालय मिलाई सामाजिक सेवा मन्त्रालय बनाउनुपर्छ भन्ने विषयवस्तुले चर्चा पायो । वि.सं.२०२७ सालमा अञ्चल शिक्षा अधिकारीको कार्यालय खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारीको कार्यालय र बाँकी ४६ जिल्लामा जिल्ला शिक्षा कार्यालय राखियो ।

राष्ट्रिय शिक्षा पद्धितिको योजना २०२८ लाई नेपालको शिक्षा पद्धतिमा आमूल परिवर्तनको महत्वपूर्ण परिघटनाका रूपमा लिइन्छ । यस योजनाले देशमा राष्ट्रिय शिक्षा प्रणालीको स्थापना, व्यावसायिक शिक्षामा जोड, शैक्षिक अवसर तथा सुविधाहरूको सन्तुलित र न्यायोचित वितरण, शिक्षा प्रशासनको सुद्दढीकरण, निरीक्षण प्रणालीमा प्रभावकारिता, शिक्षाको गुणात्मक र स्तरयुक्त विकासमा जोड, परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार, शिक्षक तालिम, शिक्षण विधि तथा शिक्षण पेशामा सुधार, उच्च शिक्षामा राष्ट्रिय विकास सेवाको व्यवस्था, प्रौढ शिक्षामा व्यापकता, छात्रवृत्तिको व्यवस्थालगायतका विषयहरू कार्यान्वयनमा ल्याएको थियो ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागू भएपछि अञ्चल शिक्षा अधिकारीको अफिस खारेज भयो । शिक्षा ऐन, २०२८ लागू भएसँगै प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय, ७५ ओटै जिल्लामा जिल्ला शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो । जिल्लामा जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा सेवा आयोग एवम् विद्यालय सहयोग समिति रहने व्यवस्था गरियो । वि.सं.

२०२८ मा शैक्षिक सामग्रीको विकासका लागि पाठ्यक्रम विकास केन्द्रको स्थापना गरियो ।

प्रशासन सुधार आयोगको प्रतिवेदन २०३२-३३ ले समन्वयको कमी भएको तथा हाम्रो मुलुकमा सकभर मन्त्रालयको सङ्ख्या कम हुनु मितव्यियता र प्रभावकारिताको दृष्टिकोणले उपयुक्त र वाञ्छनीय भएकोले शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालय एकीकरणको लागि सिफारिस गरेको थियो ।

वि.सं. २०२८ मा पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण केन्द्रको स्थापना भयो । वि.सं. २०३६ सालमा मुलूकमा आधारभूत तथा मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय सञ्चालन गर्ने नीति अनुरूप वि.सं. २०३७ मा नेपालमा पहिलो प्राविधिक शिक्षालयको रूपमा कर्णाली प्राविधिक शिक्षालय स्थापना भयो । वि.सं. २०३७ सालपछि औपचारिक रूपमा सरकारले निजी तवरबाट व्यक्तिलाई विद्यालय खोल्न स्वीकृत दिन सुरू गरेदेखि हाल कम्पनी तथा गुठीको रूपमा विद्यालयहरू सञ्चालन भएका छन् ।सोही सालदेखि शैक्षणिक क्रियाकलापलाई प्रभावकारी र गुणस्तरीय बनाउन ग्रामीण विकासका लागि सेती परियोजनाको सुरूवात भयो । यसैको जगमा शैक्षिक प्रक्रियामा सुधारका लागि प्राथमिक शिक्षा परियोजना वि.सं. २०४२ मा लागू भयो र यस परियोजनाले प्राथमिक तहमा पहुँच र गुणस्तर सुधारमा विभिन्न प्रयासहरू गर्‍यो । वि.सं. २०४५ मा क्षेत्रीय शिक्षा निर्देशनालयलाई क्षेत्रीय निरीक्षक कार्यालय र जिल्ला शिक्षा कार्यालयलाई जिल्ला शिक्षा निरीक्षकको कार्यालय नामाकरण गरिएको थियो । यहि समयमा नै आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको नीति निर्माण तथा समन्वयको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ऐन, २०४५ जारी भई प्राविधिक शिक्षा तथा व्यावसायकि तालिम परिषद्को गठन भयो । शिक्षा ऐनको २०४५ मा भएको संशोधनले शिक्षाको व्यवस्थापन र नियमन सम्बन्धमा प्राथमिक शिक्षालाई कक्षा ५ सम्म बनाउने, जिल्ला शिक्षा निरीक्षकको कार्यालयलाई जिल्ला शिक्षा कार्यालयमा रूपान्तरण गर्ने, जिल्ला शिक्षा समितिलाई जिम्मेवार बनाउने, विद्यालयलाई अनुदान दिने सम्बन्धमा र विद्यार्थी शुल्क जस्ता पक्षमा महत्वपूर्ण सुधारका प्रायस गरेको देखिन्छ ।

विद्यालय शिक्षाको विस्तार स्वरूप दश वर्षे विद्यालय शिक्षामा दुइ वर्षको एक शैक्षिक तह थप गरी उच्च माध्यमिक तहको रूपमा सञ्चालन, व्यवस्थापन र नियमन गर्न उच्च माध्यमिक शिक्षा ऐन, २०४६ जारी भई कार्यान्वयनमा आयो ।

Edupatra.com

## घ) वि.सं. २०४७ देखि हालसम्मको शिक्षा

नेपालको शिक्षा विकासको इतिहासमा २०४६ पछिको अवधिलाई उदारीकरण तथा विश्वव्यापीकरणको प्रभाव तथा शिक्षा विस्तारको रूपमा लिइन्छ । सबैका लागि शिक्षासम्बन्धी जोम्टेन तथा डकार सम्मेलनका मार्गदर्शन, दिगो विकास, अधिकारमा आधारित शिक्षा, विश्वव्यापीकरणले सिर्जना गिरेका शैक्षिक अवसरहरू तथा शिक्षामा समावेशीकरणका मुद्दाहरूले पर्याप्त स्थान यस अवधिमा प्राप्त गरे । प्रशासन सुधार आयोगको प्रतिवेदन, २०४८ ले पाठ्यक्रम निर्धारण र पाठ्यपुस्तक स्वीकृति गर्ने जस्ता नीतिगत कार्यहरू बाहेक पाठ्यपुस्तक उत्पादन र वितरणमा

निजी क्षेत्रको संलग्नता बढाउँदै लैजानु पर्ने एवम् शिक्षा तथा संस्कृति मन्त्रालयलाई यथावत रूपमा राख्ने सिफारिस गरेको थियो । शिक्षामा निजी क्षेत्रको विस्तार, शैक्षिक विकासमा अन्तर्राष्ट्रिय सहयोग र साझेदारी, शिक्षामा सूचना प्रविधिको प्रयोगसँगै शिक्षाको पहुँचमा तीब्र वृद्धि भयो, शिक्षा हरेक नागरिकको अधिकारका रूपमा स्थापित भयो, शिक्षामा सीमान्तकृत, दलित, महिला आदिको पुहँचमा उल्लेखनीय वृद्धि भयो भने शिक्षामा निजी क्षेत्रको प्रवेश सरकारी नियमनको दायरामा आउन नसकी आलोचनाको विषय बन्दै गयो ।
प्रजातन्त्रको पुनर्वहाली पश्चात गठित राष्ट्रिय शिक्षा आयोग, २०४९ ले शिक्षाको राष्ट्रिय उद्देश्य र ती उद्देश्य परिपूर्तिका लागि लिनुपर्ने नीति, शिक्षाको तहगत संरचना, विद्यालय तहमा पढाइने विषय र पाठ्यभार, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, मातृभाषामा शिक्षा, महिला शिक्षा, संस्कृत शिक्षा, खुला विश्वविद्यालय, निःशुल्क शिक्षा, निजी क्षेत्रमा शिक्षण संस्थाको स्थापना जस्ता विषयहरूमा सुझाव प्रस्तुत गरेको थियो। यसै आयोगको सिफारिसबमोजिम शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको पेशागत दक्षता अभिवृद्धि गर्न वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना गरियो। पाठ्यक्रम तथा निरीक्षण विकास केन्द्रको नाम परिवर्तन गरी वि.सं. २०५० मा पाठ्यक्रम विकास केन्द्र राखियो । वि.सं. २०५० सालमा दूर शिक्षा केन्द्रको स्थापना भएको थियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ ले राष्ट्रको शिक्षा नीति, कार्यक्रम र संगठनको अध्ययन, विश्लेषण एवम् समीक्षाका साथै आधारभूत तथा विद्यालय तह, उच्च तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षण सामग्री, शिक्षण पद्धति लगायतको विषयमा प्रतिवेदन प्रस्तुत गरेको थियो ।
अनौपचारिक शिक्षासम्बन्धी क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापनको नेतृत्व गर्न वि.सं. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको थियो । शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन तथा अनुगमन लगायतका कामहरू गर्नका लागि वि.सं. २०५६ सालमा शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा विभागको स्थापना गरियो । शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवाको सिफारिस गर्न वि.सं. २०५६ सालमा शिक्षक सेवा आयोगको स्थापना भयो ।
शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमिति, २०५८ ले प्राथमिक शिक्षा पूर्ण रूपमा निःशुल्क, निम्न माध्यमिक र माध्यमिक तहमा शुल्क निर्धारणको मापदण्ड लागू, शिक्षक लाइसेन्सको व्यवस्था, शिक्षक सेवा आयोगको स्थापना, सरकारी खर्चको १७ प्रतिशत शिक्षामा लगानी, गुणात्मक शिक्षा, पाठ्यक्रमको ढाँचा, अनुगमन संयन्त्र लगायतका विषयहरू समावेश गरी प्रतिवेदन दिएको थियो ।
नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको दायरालाई फराकिलो बनायो जसबाट शिक्षा सम्बन्धी हक समेत फराकिलो बन्न पुग्यो ।विद्यालय तहको शिक्षालाई दिशा निर्दिष्ट गर्न राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०६३ जारी गरी लागू गरियो।
नयाँ परिवेशमा सार्वजनिक प्रशासनमा सुधार ल्याउन २०७० मा प्रशासन सुधार सुझाव समिति गठन गरी प्रतिवेदन लिइयो । प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७० मा शैक्षिक सुधारका विभिन्न क्षेत्रहरू उल्लेख भएको छ । शैक्षिक क्षेत्रलाई नियमित व्यवस्थित मर्यादित र गुणस्तरीय तुल्याउन सहयोग पुर्‍याउन, उच्च शैक्षिक योग्यता दक्षता क्षमता भएका विद्यालयका शिक्षक र विश्वविद्यालयका प्राध्यापकहरूलाई सम्मान गर्ने, यस्ता शिक्षक तथा प्राध्यापकको

Edupatra.com

सूची तयार गरी सेवा लिने । आचारसंहिता तयार गरी लागू गर्ने । विश्वविद्यालय विद्यालय र क्याम्पसको मानव संशाधन भौतिक एवम् व्यवस्थापकीय पक्षहरूको सुधार गर्ने । शिक्षा क्षेत्रसँग सम्बन्धित नीतिगत, संरचनागत र कानूनी पक्षहरूको सुधार गर्ने । शैक्षिक निकायमा राजनीति प्रवेश गर्न नदिने । नैतिक शिक्षामा जोड दिने । गुणस्तरीय शैक्षिक उपलब्धि हासिल गर्न लक्ष्य र उपलब्धि किटान गरी समयसीमा सहितको कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने । शुक्रबार चार बजेसम्म पठनपाठन तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने । विद्यालय सुधार योजना सँगसँगै कक्षाकोठा शिक्षण योजना कार्यान्वयन गर्ने । विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने । शिक्षण सिकाइमा सूचना प्रविधि सञ्चार र इन्टरनेटको अधिकतम उपयोग गर्ने। जनक शिक्षा सामग्री केन्द्रको क्षमता विकास गर्ने । विद्यालय शान्ति क्षेत्र कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लगायतका सुझावहरू यस समितिले दिएको छ ।

विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनीयता कायम गर्न विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ जारी गरी अक्षराङ्कन पद्धति सुरूवात गरियो ।

नेपालको शिक्षा प्रणालीलाई मूलतः नेपालको संविधान २०७२ ले मार्गनिर्देश गरेको छ। संविधानले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल र साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाएको छ ।संविधानको धारा ३१ मा शिक्षासम्बन्धी मौलिक हकको प्रावधान रहेको छ जहाँ प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक, राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने व्यवस्था रहेको छ ।

राज्यका नीतिहरु अन्तर्गत नागरिकका आधारभूत आवश्कतासम्बन्धी नीतिमा शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने र उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीति उल्लेख गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनपश्चात शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय तहबाट कार्यान्वयन हुन शुरू भएको छ । साविकको जिल्ला शिक्षा कार्यालयलाई शिक्षा विकास तथा समन्वय इकाइ नामाकरण गरी साविकका जिल्ला शिक्षा अधिकारी पद खारेज भएको र इकाइ प्रमुख नामाकरण भएको पाइन्छ। प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइ रहेको छ ।

Edusanjal.com

साविकका २९ वटा शैक्षिक तालिम केन्द्रको सङ्ख्यालाई घटाई ७ वटामा झारिएको छ भने प्रदेशमा शिक्षा तालिम केन्द्र स्थापना भई प्रदेशको शिक्षा हेर्ने मन्त्रालय अन्तर्गत राखिएको छ। साविकका १०५३ वटा स्रोतकेन्द्रहरु खारेज गरिएको छ जस पश्चात विद्यालय सुपरिवेक्षमा रिक्तता आएको पाइन्छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । शिक्षासम्बन्धी विभिन्न उपक्षेत्रहरुमा छरिएर रहेका नीतिहरूलाई एकीकृत र संहितावद्ध गरी राष्ट्रिय शिक्षा नीति, २०७६ निर्माण गरिएको छ । सङ्घीय संरचना अनुरूप तयार गरिएको नीति नेपालको शिक्षा क्षेत्र सुधार एवम् रूपान्तरणको लागि मार्गदर्शकको रूपमा रहेको छ। औपचारिक साधारण शिक्षा पद्धति, प्राविधिक व्यावसायिक शिक्षा पद्धति, अनौपचारिक शिक्षा एवम् अरीतिक शिक्षा पद्धति जस्तै परम्परागत वा अनुभवका आधारमा हासिल गरेको शिक्षाको पहिचान र स्तरीकरणका लागि प्रभावकारी व्यवस्थापन गरी नागरिकले प्राप्त गरेको शिक्षालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गराउन राष्ट्रिय योग्यता प्रारुपको मूल ढाँचा २०७७ तयार गरिएको छ ।

हाल मुलुकको समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापनको नेतृत्व गर्नको लागि सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय किताबखाना (शिक्षक) केन्द्रीय/विभागीय निकायको रूपमा रहेका छन्। मन्त्रालय अन्तर्गत नै स्वायत्त निकायको रूपमा शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड रहेका छन् । मन्त्रालय अन्तर्गत छुट्टै ऐनबाट व्यवस्थित भई स्वतन्त्र निकायको रूपमा चिकित्सा शिक्षा आयोग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय/प्रतिष्ठानहरु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, युनेस्कोका लागि नेपाल राष्ट्रिय आयोगको सचिवालय रहेका छन् । यसै गरी विभिन्न विकास समितिहरू, पुस्तकालयहरू, आयोजना तथा परियोजनाहरूसमेत मन्त्रालय अन्तर्गत रहेका छन् । प्रदेश अन्तर्गत शिक्षा हेर्ने मन्त्रालय, शिक्षा हेर्ने निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा कतिपय प्रदेशमा जिल्लास्तरमा सामाजिक विकास कार्यालयहरू रहेका छन् । स्थानीय तहमा शिक्षा, युवा तथा खेलकूद विभाग/महाशाखा/शाखा रहेको छ ।

edupatra.com

शिक्षासम्बन्धी नीति निर्धारण सम्बन्धमा नेपाल सरकारलाई सल्लाह तथा सुझाव दिने काम समेतका लागि राष्ट्रिय शिक्षा परिषद्, पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्, अनौपचारिक शिक्षाको नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापनको लागि राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्, विशेष शिक्षासम्बन्धी नीति निर्माण तथा व्यवस्थापन समेत गर्नका लागि विशेष शिक्षा परिषद्, शिक्षक, मन्त्रालय अन्तर्गतका कर्मचारी तथा शिक्षासम्बन्धी समुदायमा संलग्न व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न तथा शैक्षिक विकाससम्बन्धी नीति निर्माण, व्यवस्थापन गर्ने काम समेतको लागि शैक्षिक जनशक्ति विकास परिषद् शिक्षा मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा रहने प्रावधान शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा रहेको छ ।

गाँउपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन रेखदेख र समन्वय गर्न गाँउ शिक्षा वा नगर शिक्षा समिति, विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षकको गुणस्तर कायम, शुल्क अनुगमन लगायतका काम समेतको लागि शिक्षक अभिभावक सङ्घ तथा विद्यालयका काम कारवाहीको सामाजिक परीक्षण गर्न सामाजिक परीक्षण समिति रहेका छन् । त्यसै गरी विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने व्यवस्था छ ।

सन् २०३० सम्मका लागि विश्वव्यापी रुपमा तय गरिएका दिगो विकासका १७ वटा लक्ष्यहरुमध्ये लक्ष्य ४ शिक्षासँग सम्बन्धित रहेको छ । सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्ने विषयमा जोड दिएको दिगो विकासको शिक्षासम्बन्धी लक्ष्यलाई कार्यान्वयन गर्न दिगो विकास लक्ष्य नं ४ कार्यान्वयन राष्ट्रिय कार्यढाँचा तयार गरी कार्यान्वयनमा रहेको छ ।

चालू पन्ध्रौं योजना (आ.व. २०७६/७७-२०८०/८१) कार्यान्वयन भईरहेको छ। योजनाले व्यक्तिको सर्वाङ्गीण विकास, सामाजिक आर्थिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षा प्रणालीको विकास, बिचमै पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य, रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपसँग एकीकरण, वैज्ञानिक अनुसन्धानहरूमा शैक्षिक संस्था, मन्त्रालय र उद्योगसँगको समन्वयमा युवा परिचालन लगायतका सोचबाट निर्देशित भई शैक्षिक क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापन भइरहेको छ ।


नेपाल सरकारको कार्य विभाजन नियमावली तथा कार्यविस्तृतीकरणले शैक्षिक प्रशासन तथा व्यवस्थापनका कार्यलाई निर्देशित गरेका छन् । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, शिक्षक सक्षमता प्रारूप २०७२ एवम् विभिन्न मापदण्डहरूले शिक्षाको विकासमा नीतिगत मार्ग निर्देश गरेका छन् ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, घोषणापत्र, प्रतिज्ञापत्रहरू अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६ मा उल्लेख भएका शिक्षासम्बन्धी विषयहरू कार्यान्वयन भइरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि एवम् स्वेच्छिक प्रोटोकल २००६ को नेपाल पक्ष राष्ट्र भई विना कुनै भेदभाव र समान अवसरको आधारमा सबै तह र जीवनपर्यन्त सिकाईमा समाबेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेतर्फ कार्य भइरहे कै छन्। नेपालले अनुमोदन गरेका महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धी १९७९, बालअधिकार सम्बन्धी महासन्धी, १९८९, आदिवासी तथा जनजाती सम्बन्धी महासन्धी, १९८९ तथा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रबाट निर्देशित भएका व्यवस्थाहरू कार्यान्वयनमा छन् ।

## 1.3. विद्यालय शिक्षाको विद्यमान संरचना

पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्म नेपालको शिक्षाको वर्तमान संरचना देहाय वमोजिम रहेको छ ।

Edupatra.com




Edupatra.com

## १.4. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू

नेपालको शिक्षा प्रणाली निम्नानुसारको शिक्षाका राष्ट्रिय उद्देश्यहरू परिपूर्तिमा केन्द्रित रहनेछः

(□) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(□) राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(□) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(□) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने

(□) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(□) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

(□) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(□) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(□) रचनात्मक तथा समालोतनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

(□) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएको, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(□) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(□) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संशाधनको विकास गर्ने ।

## 1.5. विद्यालय शिक्षामा हालको अवस्था

विद्यालयबाहिर रहेका बालबालिकाहरूको सङ्ख्या वर्षेनी घट्दै छ । विद्यालय तहमा खुद भर्नादरमा वृद्धि भएको छ । खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क समदरमा पुगेको छ। आधारभूत तथा माध्यमिक तहमा महिला शिक्षक सङ्ख्यामा वृद्धि भएको छ। विद्यार्थी टिकाउ दरमा क्रमशः वृद्धि हुँदै गएको छ ।

(□) सामुदायिक विद्यालय २६ हजार ४ सय ५४ (७७%), संस्थागत विद्यालय ६ हजार ७ सय ६० (२०%) र धार्मिक विद्यालय १ हजार १ सय ५४(३%) गरी कूल ३४ हजार ३ सय ६८ विद्यालयहरू सञ्चालनमा छन् ।

(□) वि.सं. २०७८ को कूल ७० लाख ९२ हजार ९ सय ५९ विद्यार्थीहरूमध्ये अधारभूत तह (कक्षा १–५) मा ३५ लाख ४८ हजार ६ सय ३६ (५०.०३%), आधारभूत तह (कक्षा ६–८) मा १७ लाख ७७ हजार ३ सय ४४ (२५.०६%), माध्यमिक तह (कक्षा ९–१०) मा १० लाख ७९ हजार ३ सय ६३ (१५.२२%) र माध्यमिक तह (कक्षा ११–१२) मा ६ लाख ८७ हजार ६ सय १६ (९.६९%) विद्यार्थीहरू रहेका छन् ।

(□) कक्षा १ मा खुद प्रवेश दर (भर्ना हुने उमेर ५ वर्ष पूरा भएका) ९६.३ प्रतिशत रहेको छ । प्राथमिक तहमा विद्यालय जाने उमेर समूहका करिब ३.७ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर रहेका छन् ।

(□) आधारभूत तह (५–१२ वर्ष) उमेर समूहका ४.९ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । विद्यालय बाहिर रहेका बालबालिकाहरूको सङ्ख्या प्रत्येक वर्ष घट्दै गएको छ ।

(□) शैक्षिक सत्र २०७८ मा खुद भर्नादर आधारभूत तह (कक्षा १–५) मा ९६.९ प्रतिशत, आधारभूत तह (कक्षा १–८) मा ९५.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९–१२) मा ५४.३ प्रतिशत रहेको छ।

(□) शैक्षिक सत्र २०७८ मा कक्षा ८, कक्षा १० र कक्षा १२ सम्मको टिकाउ दर क्रमशः ८५.१ प्रतिशत, ६६.१ प्रतिशत र ३.१ प्रतिशत रहेको छ।

(□) आधारभूत तहको शिक्षा पूरा गर्ने दर ७६.२ प्रतिशत रहेको छ ।

(□) विद्यालय तह (कक्षा १–१२) मा सामुदायिक र संस्थागत दुबैमा गरी कुल २ लाख ८० हजार ७ सय ६५ शिक्षक कार्यरत छन् । जसमध्ये आधारभूत तह (कक्षा १–५) मा १ लाख ६१ हजार ७ सय ९3, आधारभूत तह (कक्षा ६–८) मा ५७ हजार ३ सय ६०, माध्यमिक तह (कक्षा ९–१०) मा ४९ हजार ५ सय ७१ र माध्यमिक तह (कक्षा ११–१२) मा १२ हजार ४१ शिक्षक कार्यरत

Edupatra.com

छन् । आधारभूत तहमा महिला शिक्षक प्रतिशत ४६.५ प्रतिशत र माध्यमिक तहमा २०.४ प्रतिशत रहेको छ।

(□) महिला शिक्षकको प्रतिशत क्रमशः बढी रहेको छ ।

**शिक्षकको तहगत लैङ्गिक समता सूचकाङ्क**

| तह | महिला शिक्षक प्रतिशत | पुरूष शिक्षक प्रतिशत |
|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | ४८.९ | ५१.१ |
| आधारभूत तह (कक्षा ६-८) | ३४.२ | ६५.८ |
| माध्यमिक तह (कक्षा ९-१०) | १८.१ | ८१.९ |
| माध्यमिक तह (कक्षा ११-१२) | १४.४ | ८५.६ |

(शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७८) ।

(□) विद्यालय शिक्षामा लैङ्गिक समता सूचकाङ्क समदरमा पुगेको छ । कक्षा १–८ को खुद भर्नादरमा लैङ्गिक समता ०.९९ प्रतिशत रहेको छ । त्यसै गरी कक्षा ९–१२ को खुद भर्नादरमा लैङ्गिक समता १.०१ प्रतिशत पुगेको छ ।

(□) शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५ अनुसार देशभरिका कुल ९४४७ वटा माध्यमिक विद्यालयमा हाल कार्यरत शिक्षक १९,५१७ छन् तर विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा हेर्दा माध्यमिक तहमा जम्मा आवश्यक शिक्षक दरबन्दी सङ्ख्या ४३,०१२ देखिन्छ । यस हिसाबले २४,३८४ शिक्षक अपुग देखिन्छ।६५०१ माध्यमिक विद्यालयमध्ये ७१ वटामा मात्र विज्ञान, गणित र अंग्रेजी विषयका सोही तहका विषयगत शिक्षक रहेका छन्। १०२ वटामा मात्र गणित र अंग्रेजी विषय तथा १०४ वटामा मात्र विज्ञान र अंग्रेजी विषयका सोही तहका शिक्षक छन् ।

Edupatra.com

# परिच्छेद – दुई
# स्रोत साधनको व्यवस्थापन

## २.१. परिचय

स्रोत साधनको व्यवस्थापनले नै शैक्षिक गुणस्तरलाई निर्धारण गर्छ । शैक्षिक गुणस्तरले पर्याप्त लगानी माग गर्दछ। गुणस्तरीय शिक्षाका लागि थप समय र लगानीको आवश्यकता पर्दछ । शिक्षा क्षेत्रमा आवश्यक पर्ने स्रोत साधन के हुने, त्यसको जोहो कसरी गर्ने, स्रोतको प्रवाह कसरी गर्ने, स्रोत साधनको सही प्रयोग कसरी गर्ने जस्ता विषयको एकीकृत व्यवस्थापन शिक्षा क्षेत्रमा स्रोत व्यवस्थापनमा पर्दछन् । शिक्षामा गरिने लगानीले मानव विकासका आर्थिक, सामाजिक, राजनीतिक लगायतका पक्षलाई पनि समेटेको हुन्छ । नेपालमा शिक्षालाई सामाजिक वस्तु (public goods) तथा आर्थिक वस्तु (economic goods) का रूपमा स्वीकार गरेर सरकार, घरपरिवार, सामाजिक धार्मिक सङ्घ संस्था आदिबाट लगानी हुँदै आएको पाइन्छ । प्रायः सामाजिक माग, मानव संशाधन, आवश्यकता र लगानी प्रतिफलको विश्लेषणबाट नै राज्यले शिक्षामा स्रोत प्रवाह गर्ने आधार तय हुन्छ । नेपालमा शिक्षामा लगानीका पद्धति र प्रक्रियामा विभिन्न कालखण्डमा विविधता अपनाएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ पूर्व शिक्षामा लगानीको दायित्व मुख्यतः समुदायमा रहेकोमा यस योजना लागू भएपछि शिक्षाको लगानीको दायित्व राज्यले लिएको भएता पनि सरकारको लगानी मात्र शिक्षाको विकासका लागि पर्याप्त भएको देखिदैन । प्राथमिक शिक्षामा शून्य लागत आपूरण (zero cost recovery) र माध्यमिक शिक्षामा लागत साझेदारीको सिद्धान्त अवलम्वन भएको देखिन्छ । हाल विद्यालय शिक्षामा sector wide approach (SWAp) मोडालिटिमा वैदेशिक लगानी भइरहेको पाइन्छ। बालबालिकाको विकास र लगानी प्रतिफल हुने अपेक्षामा घरपरिवारले आफ्ना बालबालिकाको शिक्षामा लगानी गरेको हुन्छ । सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेको प्रतिवद्धता तथा विशेष वर्ग र क्षेत्रका लागि लक्षित विशिष्टीकृत कार्यक्रम तय गरेरसमेत शिक्षामा स्रोत प्रवाह गर्छ । सरकारले शैक्षिक उद्देश्यको प्राप्ति, समता र सामाजिक न्याय, सकारात्मक विभेदीकरण, लगानी प्रतिफल, स्रोतको उपयोगको क्षमता, दक्षता र पारदर्शिता, स्रोतको दिगोपना, सार्वजनिक जवाफदेही र गुणस्तर जस्ता सैद्धान्तिक आधारमा शिक्षामा लगानी गरिरहेको हुन्छ । नेपालमा विशेषत सरकारी लगानी, अभिभावकको लगानी, समुदायको लगानी, निजी क्षेत्रको लगानी र गैरसरकारी संस्थाको लगानीबाट स्रोत व्यवस्थापन हुँदै आएको देखिन्छ । शैक्षिक विकासका लागि कम्तीमा पनि कुल बजेटको २० प्रतिशत शिक्षाका लागि छुट्याउनु पर्ने विभिन्न अध्ययनले सिफारिस गरेको भए पनि सोअनुसार लगानी नपुगेको देखिन्छ।

## 2.2. हालको अवस्था र विश्लेषण

नेपालको संविधानले सक्षम, प्रतिस्पर्धी जनशक्ति विकास गर्ने, शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन गरी सेवामूलक बनाउने र उच्च



Edupatra.com

शिक्षालाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीतिगत व्यवस्था गरेको छ । संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिइ आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, अपाङ्गता र आर्थिक रूपमा विपन्न र दलित नागरिकहरूका लागि निःशुल्क उच्च शिक्षा पाउने हकको सुनिश्चितता गरेको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमार्फत तीव्र र दिगो आर्थिक विकास गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील तुल्याइ समाजवादउन्मुख स्वतन्त्र अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य लिएको छ । संवैधानिक प्रावधानका अतिरिक्त राष्ट्रिय शिक्षा नीतिका व्यवस्थाहरू, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन पनि विद्यालय शिक्षामा लगानी र स्रोत व्यवस्थापनका आधारका रूपमा रहेका छन् । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ पनि तहगत सरकारबाट शिक्षामा हुने स्रोत व्यवस्थापनको आधार हो । त्यस्तै शिक्षामा वैदेशिक सहायताका लागि विकास सहायता नीति २०७१, पेरिस घोषणा पत्र २००५ र आक्रा कार्ययोजना २००८ का प्रावधानहरू पनि शिक्षामा हुने लगानी र स्रोत व्यवस्थापनका लागि नीतिगत मार्ग निर्देशनका रूपमा रहेका छन् ।

मुलुकको शासकीय स्वरूप संङ्घीय ढाँचामा गएपश्चात विद्यालय शिक्षाको जिम्मेवारी मुलतः स्थानीय तहमा रहेको र प्रदेश तहबाट उच्च शिक्षाको समेत व्यवस्थापन हुने प्रबन्ध भएपछि तीन तहका सरकारबाट शिक्षामा लगानी हुँदै आएको छ । सङ्घीय सरकारको अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत ससर्त अनुदानको रूपमा प्रदेश तथा स्थानीय तहमा शिक्षाको बजेट व्यवस्थापन हुँदै आएको छ । आर्थिक वर्ष २०७४/७५ मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लागु भएपछि शिक्षा क्षेत्रमा सङ्घीय सरकारबाट विनियोजन गरिएको बजेटको तहगत विनियोजन यसप्रकार रहेको छः

**वार्षिक बजेटमा शिक्षा बजेटको तहगत बजेट प्रतिशत**

| आ. व. | शुरू बजेटमा भएको विनियोजन (प्रतिशत) | | |
|---|---|---|---|
| | सङ्घ | प्रदेश | स्थानीय |
| २०७९/८० | ३५.६७ | २.७१ | ६१.६२ |
| २०७८/७९ | ३३ | ३ | ६४ |
| २०७७/७८ | ३२ | ३ | ६५ |
| २०७६/७७ | ४० | २ | ५८ |
| २०७५/७६ | ३५ | २ | ६३ |

स्रोतः अर्थ मन्त्रालय र शिक्षा मन्त्रालय

उक्त अवधिमा स्थानीय तह तथा प्रदेशबाट समानीकरण तथा अन्य श्रोतबाट शिक्षा क्षेत्रमा ३–५ प्रतिशतसम्म बजेट लगानी गरेको पाइएता पनि यसलाई संस्थागतरुपमा नियमितता प्रदान गर्नुपर्ने अवस्था रहेको छ । तीनवटै तहका सरकारबाट शिक्षाको क्षेत्रमा भएको लगानीको एकीकृतरूपमा विवरण तयार हुन सकेको अवस्था छैन ।

सरकारले शिक्षा क्षेत्रलाई लगानी र स्रोत परिचालनको प्राथमिकतामा राख्दै आएको छ । सन् १९९० को दशकदेखि सुरू भएको सबैका लागि शिक्षाको विश्वव्यापी अभियानसँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि भई आ.ब. २०६७/६८ मा आइपुग्दा १७.१% सम्म पुगेको देखिन्छ । २०७२ सालको विनासकारी भूकम्प र राज्यको पुनर्संरचनासँगै शासकीय व्यवस्थामा आएको परिवर्तनले शिक्षामा लगानी खुम्चिएको पाइन्छ ।

**वार्षिक बजेटमा शिक्षा बजेट प्रतिशत**

| आ. व. | शिक्षामा कुल गार्हस्थ उत्पादनको प्रतिशत | कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत |
|---|---|---|
| २०५९/६० | ३.१ | १४.९८ |
| २०६७/६८ | ४.३ | १७.११ |
| २०७१/७२ | | १३.९२ |
| २०७९/८० | ४.१ | १०.९४ |

स्रोतः अर्थ मन्त्रालय र शिक्षा मन्त्रालय

## २.३. दिगो विकास लक्ष्य र शिक्षामा लगानी

दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०) विद्यालय शिक्षामा गरिने लगानीको मुख्य योजना हो । यसमा वैदेशिक सहायताको प्रभावकारिताका लागि सरकार र दातृनिकायको लगानीलाई sector wide approach का रूपमा संयुक्त कोषमार्फत परिचालन गर्ने व्यवस्था छ। योजनाले सङ्घ, प्रदेश र स्थानीय तहबिच लागत साझेदारी गरी बजेट कार्यान्वयनका लागि विद्यालयलाई जवाफदेही बनाइ पहुँच र गुणस्तर जस्ता क्षेत्रमा प्राथमिकताका साथ स्रोत परिचालन गर्ने व्यवस्था गरेको छ । दिगो विकासको लक्ष्य नं ४ प्राप्तिका लागि आवश्यक वित्तीय व्यवस्थाको निम्ति दिगो

विकास लक्ष्य नं ४ सम्बन्धी नेपाल राष्ट्रिय कार्यढाँचा (सन् २०१९-२०३०) ले पनि कुल गार्हस्थ उत्पादनको ४-६ प्रतिशतसम्म तथा कुल राष्ट्रिय बजेटको १५-२० प्रतिशतसम्म शिक्षामा लगानी गर्नु पर्ने र वित्तीय सुशासन कायम गरी प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ ।

## 2.4. **अनुमानित लागतको विश्लेषण**

हाम्रो देशको सन्दर्भमा अभिभावकहरु पनि बिद्यालय शिक्षाको निमित्त लाग्ने खर्चको प्रमुख स्रोत बनेकाछन्, उनीहरुले बिद्यालय शिक्षामा हुने लगानीको ४८ प्रतिशत भार बेहोर्दछन्। सन् २०१४।१५ को वर्षमा अभिभावकहरुले ६६ अर्व ४० करोड खर्च गरेको कुरा एक अध्ययनले देखाएको छ ।(स्रोत:National Education accounts in Nepal, Expenditure of Education 2009-2015, Page 19, UNESCO)

संवैधानिक व्यवस्थाअनुसार आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क तथा विद्यालयहरूमा न्यूनतम सिकाइ पूर्वाधारको आधारमा नियमित सञ्चालनका लागि आवश्यक पर्ने लागत गणना गर्दा हाल नेपालले साधारण शिक्षातर्फ बिद्यालय शिक्षामा सार्वजनिक बिद्यालयमा प्रति विद्यार्थी लगभग रू २३००० प्रतिवर्ष र निजी बिद्यालयतर्फ अभिभावकहरुले रू ६०००० सरदर गर्ने खर्चभन्दा बढी लाग्ने प्रक्षेपण गर्न सकिन्छ।लामो अवधिको तालिममा शिक्षक सहभागी हुँदा तथा लामो विदामा वस्दाको सट्टा शिक्षकको व्यवस्थापन गर्दा ठुलो परिणाममा लागत आवश्यक पर्छ । सरकारी र निजीमा हुने न्यूनतम खर्चको फरकले अन्योलता बढाउँछ । यसरी हेर्दा वास्तवमा एउटा विद्यार्थीलाई न्यूनतम कति खर्च लाग्ने हो त्यसको हिसाब निकालेर प्रति विद्यार्थी लागत राज्यले खर्च गर्नु पर्ने देखिन्छ । संयुक्त राज्य अमेरिकाले सरकारी बिद्यालयका विद्यार्थीहरुलाई प्रति वर्ष प्रति विद्यार्थी १३१८५ यु एस डलर खर्च गर्छ भने लक्जेम्बर्गले २०४१३ यु एस डलर तथा इण्डोनेसियाले १५१४ यु एस डलर खर्च गरेको देखिन्छ । भारत को दिल्लीमा सरकारले प्रति विद्यार्थी प्रति वर्ष ७८०८२ भारतीय रुपैयाँ खर्च गर्छ। (स्रोतः US Public Education Spending Statistics 2022 र Delhi Economic Survey Report march 8, 2021)

## २.५. **समस्या तथा चुनौतीहरू**

### 2.5.1. **कानुनी तथा नीतिगत**

(□) संवैधानिक प्रावधानबमोजिम गरिने शिक्षासम्बन्धी कार्यका लागि दिगो आर्थिक स्रोतको प्रबन्ध गर्नु ।

1. आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क ।
2. अपाङ्गता भएका व्यक्ति, विपन्न एवम् पिछडिएका वर्गहरूका लागि उच्च शिक्षासम्म निःशुल्क ।

(□) निजी क्षेत्रबाट शिक्षामा हुने लगानीको व्यवस्थापन (सार्वजनिक सेवा वा नाफा आर्जन गर्ने माध्यम ) तथा लगानीको स्वरूप निर्धारण गर्नु ।

(□) शिक्षामा गरिने लगानीलाई उपलब्धिसँग आबद्ध गर्नु र समतामूलक वितरण प्रणाली स्थापित गर्नु ।

(□) वैदेशिक लगानीबाट बढेको परनिर्भरता कम गर्नु र लगानीको दिगोपनाको सुनिश्चितासहित स्थानीय स्रोत परिचालन गर्नु ।

(□) विभिन्न शिक्षा आयोगका प्रतिवेदन, अध्ययन अनुसन्धानका प्राप्ति, अन्तर्राष्ट्रिय अभ्यास तथा प्रतिवद्धता र अनुभवअनुरूप शिक्षामा लगानी गर्नु ।

### 2.5.2. संस्थागत

(□) सङ्घीय संरचनाअनुसार सङ्घीय इकाइबिचको शिक्षाको लगानीको मापदण्ड तोकी सबै तहलाई स्रोत व्यवस्थापनमा जिम्मेवार बनाउनु र शिक्षामा गरिने लगानीको प्रभावकारी ट्र्याकिङ प्रणाली (tracking system) विकास गर्नु ।

(□) वित्तीय सुशासन, दिगोपना, पारदर्शिता र जवाफदेही बनाउनु ।

(□) विभिन्न क्षेत्र (व्यक्ति, परिवार, निजी क्षेत्र, सरकारी क्षेत्र) बाट शिक्षा क्षेत्रमा भएको लगानीको अभिलेखन गर्नु ।

(□) विभिन्न क्षेत्र र तहबाट शिक्षा क्षेत्रमा गरिएको वास्तविक खर्चको समयमा नै प्रतिवेदन गर्नु ।

(□) आन्तरिक नियन्त्रण प्रणालीलाई संस्थागत गरी सबलीकरण गर्नु ।

Edupatra.com

### २.५.३. कार्यक्रमगत

(□) विद्यालय शिक्षामा भइरहेको लगानीको व्यवस्थापन गर्नु ।
(□) प्राविधिक तथा व्यावसायिक शिक्षा र साधारण शिक्षाको अनुपात ३० र ७० बनाउन आवश्यक पर्ने स्रोत व्यवस्थापन र परिचालन प्रणाली विकास गर्नु ।
(□) शिक्षा क्षेत्रमा सरकारी बजेटको विनियोजन प्रतिशत वृद्धि गर्नु ।
(□) शिक्षा क्षेत्रमा भएको लगानीको परिचालनको लागि क्षमता विकास गर्नु (प्रदेश र स्थानीय तहको समेत )।
(□) नियमित अनुगमन मूल्याङ्कन पद्धतिको विकास र प्रभावकारी कार्यान्वयन गर्नु ।

## २.६. स्रोत साधनको उत्पादनका तरिका

(□) अभिभावक सहयोग (parental contribution) औचित्य र पारदर्शिताको आधारमा प्रयोग गर्न शिक्षामा अभिभावक सहयोग र सहकार्य वृद्धि ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने ।
(□) विद्यालयको पठनपाठनका लागि प्रयोग नभएको भवन तथा जग्गा शैक्षिक क्षेत्र सम्बद्ध संस्थालाई प्राथमिकतामा राखी प्रयोग गर्न दिने र विद्यालयले आम्दानी गर्नका लागि स्पष्ट कानुनी व्यवस्था गर्ने ।

Edupatra.com

(□) शिक्षा प्राप्तिको संवैधानिक मौलिक अधिकार कार्यान्वयन गर्न तथा प्रति विद्यार्थी लागतको सुनिश्चितताका लागि कूल ग्राहस्थ उत्पादनको कम्तिमा ६ प्रतिशत र कुल राष्ट्रिय बजेटको २० देखि २५ प्रतिशतसम्म शिक्षामा लगानी सुनिश्चत गर्ने। प्रदेश सरकार र स्थानीय तहबाट पनि कुल बजेटको २० प्रतिशत शिक्षामा लगानी सुनिश्चित गर्ने । देहायको कार्यका लागि उल्लिखित प्रतिशतको न्यूनतम लगानी शिक्षामा अनिवार्य देखिन्छ ।

   □. माध्यमिक तहमा नपुग २४ हजार ३ सय ८४ विषयगत शिक्षक र अन्य तहमा समेत गरी जम्मा नपुग ५३ हजार १ सय ५८ थप शिक्षकको व्यवस्था गर्न ।(विद्यार्थी शिक्षकको अनुपात ३०:१ मा लैजाँदा अझ बढी थप शिक्षक आवश्यक पर्छ ।)
   □. ७० लाख ९२ हजार ९४९ विद्यार्थीको लागि कक्षागत शिक्षक तथा निःशुल्क पाठ्यपुस्तकको व्यवस्थापन गर्न ।
   □. प्रति विद्यालय एक जना खरिदार सरहको कर्मचारी र माध्यमिक विद्यालयमा थप एक जना नायब सुव्वा सरहको कर्मचारी व्यवस्थापन गर्न ।
   □. कक्षा ८ सम्म अध्ययनरत ५३ लाख विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गर्न ।
   □. ३६५३१ बालविकास केन्द्रका बालविकासका शिक्षकहरूलाई प्राथमिक तृतीय सरहको सेवा सुविधाको व्यवस्था गर्न र प्रत्येक वालविकास केन्द्रमा सहायक शिक्षकको व्यवस्था गर्न।

□. ११५४ धार्मिक विद्यालय तथा २६४५४ विद्यालयहरूमा न्यूनतम सिकाइका पूर्वाधारहरू पूरा गर्न ।

□. ६४३० माध्यमिक विद्यालयमा गणित, विज्ञान र अङ्ग्रेजीको विषयगत शिक्षकको व्यवस्था गर्न ।

□. सबै आधारभूत र माध्यमिक विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा कम्प्युटर व्यवस्था गरी सूचना प्रविधि ल्याव स्थापना तथा डिजिटल सामग्रीको विकासमार्फत सिकाइलाई दिगो बनाउन।

□. ३० प्रतिशत विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षामा समाहित गर्न ।

□□. दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय शिक्षाको व्यवस्था गर्न ।

□□. आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षा कार्यान्वयन गर्न ।

□□. विद्यालयका सहयोगीहरूलाई खरिदार सरहको सुविधा दिन ।

□□. समयसँगै सुविधा सम्पन्न आधुनिक अपाङ्गतामैत्री विद्यालय भवन निर्माण गर्न र पुराना जीर्ण भवनलाई व्यवस्थापन गर्न ।

□□. सबै विद्यालयहरूमा खानेपानीको व्यवस्था र सुरक्षित वातावरण निर्माण गर्न । सबै विद्यालयहरूमा सुविधायुक्त खेल मैदान निर्माण गर्न ।

Edupatra.com

(□) लगानीको अंश क्रमशः वृद्धि गर्दै लगी आगामी ५ वर्षभित्रमा लक्षित अंशमा पुर्‍याउने ।

(□) निःशुल्क तथा अनिवार्य शिक्षाका लागि सङ्घ, प्रदेश र स्थानीय तहले क्रमशः ७०, १५ र १५ प्रतिशत बहन गर्ने । आर्थिक अवस्थाका कारण बहन गर्न नसक्ने स्थानीय तहलाई सङ्घले सहायता उपलब्ध गराउने ।

(□) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि बालबालिका विद्यालय पठाउन गाह्रो हुने अभिभावकलाई अवसरको मूल्य (opportunity cost) मा आधारित अभिभावक सहायता लागत व्यवस्था गरी पहिचान भएकमा सिधै अभिभावकको खातामा रकम पठाउने व्यवस्था गर्ने ।

(□) माध्यमिक तहमा सबै प्रकारको शिक्षा निःशुल्क गर्ने । विद्यालयमा अध्ययनरत विद्यार्थीबाट पढाइ शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक, खाजा, स्टेशनरी र पोसाक बापतको शुल्क नलिने र सो वापतको रकम सरकारले बहन गर्ने ।

(□) शिक्षाका उपक्षेत्रहरूमा औचित्यता र आवश्यकतासमेत प्राथमिकता तोकी लगानी गर्ने।

(□) निजी क्षेत्रको लगानी वृद्धि गर्न सहकार्यको ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने ।

(□) शिक्षामा निजी क्षेत्रको लगानीलाई सेवामूलक स्वरूपमा रूपान्तरण गर्ने र निजी र व्यावसायिक प्रतिष्ठानका व्यावसायिक सामाजिक दायित्व (corporate social responsibility) तर्फको निश्चित प्रतिशत शिक्षामा अनिवार्य

लगानी गर्नु पर्ने कानुनी व्यवस्था गर्ने ।त्यस्ता निकायहरूलाई तोकिएको मापदण्डको आधारमा भौतिक पूर्वाधार विकासको जिम्मा दिन सकिने व्यवस्था गर्ने ।

(□) दिगो स्रोत व्यवस्थापन तथा लगानीको ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने। साथै वैकल्पिक स्रोत पहिचान गरी कार्यान्वयनमा ल्याउने ।

(□) विद्यालयलाई दिइने अनुदानको ढाँचामा समयानुकुल सुधार गर्ने तथा शिक्षामा लाग्ने लागत तहगत र जम्मा गणना गर्ने। संघ, प्रदेश र स्थानीय तहबाट शिक्षामा हुने लगानी ढाँचा तय गर्ने ।

(□) विद्यालय शिक्षामा हुने प्रतिव्यक्ति लगानी एकीन गरिने । खर्च व्यहोर्ने स्रोत र अनुमान तय गर्दा प्रति एकाइ लागतको आधारमा गर्ने ।

(□) नतिजामा आधारित स्रोत विनियोजन पद्धति कार्यान्वयन गर्ने । बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आवद्ध गराएर ससर्त अनुदान र भौतिक पूर्वाधार विकासका लागि एकमुष्ट अनुदान प्रवाह गर्ने ।

(□) छात्रवृत्ति वास्तविक गरिवी पहिचान गरी जातीयताको आधारमा भन्दा पनि आवश्यकताको आधारमा केन्द्रित गरी वितरण गर्ने ।

(□) शिक्षामा गरिने लगानी र स्रोत व्यवस्थापनलाई गुणस्तरमा केन्द्रित गर्ने ।

(□) अनुसन्धानमा आधारित भएर स्रोत परिचालन गर्ने परिपाटी विकास गर्न अनुसन्धान कोष व्यवस्था गर्ने तथा अनुसन्धान र विकासका लागि अलग कार्ययोजना बनाइ कार्य सञ्चालन गर्ने ।

Edupatra.com

(□) शिक्षामा व्यक्ति, घर, परिवार, विभिन्न सङ्घ संस्थाबाट गरेको लगानीलाई सम्बोधन गर्न त्यस्तो लगानीको समतापूर्ण उपयोग र लगानीलाई उत्प्रेरित गर्ने वातावरण विकास गर्ने ।

(□) शैक्षिक लगानी र स्रोतको प्रभावकारी व्यवस्थाका लागि सरकारको सबै तहको सक्षमता अभिवृद्धि गर्ने । स्रोत परिचालनको उपयोग सम्बन्धमा तत्काल रिपोटिङ् गर्ने संयन्त्र बनाउने ।

(□) शिक्षाको लगानीलाई प्रति एकाइ लागत तथा समताका दृष्टिकोणबाट पछाडि परेका समूहका लागि उपयुक्त लागत एकाइ र निश्चित मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

(प) विद्यालयहरूमा नतिजामा आधारित स्रोत विनियोजन पद्धति कार्यान्वयन, बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आवद्ध ससर्त अनुदान र भौतिक पूर्वाधार विकासका लागि निसर्त अनुदान एकमुष्ट प्रवाह गर्ने ।

## 2.7. स्रोत साधन व्यवस्थापनमा सुधारका क्षेत्र

उपलब्ध स्रोत साधनको उचित र प्रभावकारी व्यवस्थापनबाट नै अपेक्षित नतिजा प्राप्त गर्न सकिन्छ । विद्यालय शिक्षामा प्रारम्भिक बाल विकास तथा  शिक्षामा र आधारभूत तथा माध्यमिक शिक्षामा स्रोत साधनको व्यवस्थापनमा प्रयोग गर्नु पर्ने तरिकाहरू निम्नानुसार रहेका छन् ।

## अ) प्रारम्भिक बाल विकास तथा शिक्षा

### क) विकासक्रम र स्थित

अन्तर्राष्ट्रिय स्तरमा ८ वर्षको उमेरसम्म मष्तिष्क निर्माणको संवेदनशील उमेर भएको अध्ययन अनुसन्धानबाट पुष्टि भइसकेको सन्दर्भमा यस उमेर समूहका बालबालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट सिकाइ तथा विकासको अवसर प्रदान गर्ने प्रावधान रहेको पाइन्छ। चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा १ मा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित शिक्षालाई बाल विकास तथा शिक्षा मानिएको छ ।नेपालमा वि.सं. २००६ मा पहिलो पटक काठमाडौँमा मन्टेश्वरी स्कूलको स्थापनासँगै प्रारम्भिक बाल विकास शिक्षाको सुरूवात भएको पाइन्छ । यसपछि बालमन्दिर विश्व खाद्य कार्यक्रम अन्तर्गत पोषण कार्यक्रम प्राथमिक शिक्षा परियोजना अवधिमा शिशु कक्षा केन्द्रमार्फत प्रारम्भिक बाल विकास शिक्षाका कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । वि.सं. २०५६ मा शिक्षा विभागको स्थापना भएपछि प्रारम्भिक वाल विकास कार्यक्रमको विस्तारले गति लिएको देखिन्छ । नेपालमा पनि हाल ४ देखि ८ वर्ष उमेर समूहका बालबालिकालाई एकीकृत पाठ्यक्रम र बालमैत्री शिक्षण विधिबाट सिकाइ गर्ने प्रक्रियाको सुरुवात भएको सन्दर्भमा यसलाई बालबालिकाको उमेरको रुपमा मानी शिक्षा, स्वास्थ्य, पोषण र उत्प्रेरणालाई एकीकृत रुपमा लैजान ढिला भइसकेको छ। सबैका लागि शिक्षा कार्यक्रम विद्यालय क्षेत्र सुधार कार्यक्रम विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक बाल विकास शिक्षाको कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ । यसलाई शिक्षा क्षेत्रको नयाँ योजना विद्यालय शिक्षा क्षेत्र योजनाले समेत प्राथमिकताका साथ निरन्तरता दिएको छ ।

Edupatra.com

प्रारम्भिक बालविकाससम्वन्धी रणनीति पत्र २०६१ ले सबै कार्यक्रमहरुले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरु प्रदान गर्नुपर्छ भन्ने कुरा किटान गर्नुका साथै शिक्षा ऐनको आठौं संशोधनमार्फत एवम् विद्यालय क्षेत्र विकास योजनाले समुदायको बालबिकास केन्द्र र बालबालिकाको शिक्षामा संलग्नता बढाउने योजना राखेको देखिन्छ। हाल सरकारी सामुदायिक र निजीस्तरमा प्रारम्भिक बाल विकासका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

सार्वजनिक विद्यालयमा चार वर्ष उमेर पुगेकालाई एक वर्षे बालविकास र संस्थागत विद्यालयहरुमा शिशु स्याहार Day care center, play school मन्टेश्वरी, नर्सरी र किन्डरगार्टेन कार्यक्रमहरु सञ्चालन भएका भए पनि ती सबै कार्यक्रमहरुले बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरु प्रदान गर्न नसकेको अवस्था छ।

संविधानतः प्रारम्भिक बालविकास तथा शिक्षा ब्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको भएको सन्दर्भमा नीतिगत, सङ्गठनात्मक र कार्यक्रमगत अलमल देखिएको अवस्था छ ।

**ख) प्रारम्भिक बालविकासको स्थिति (आर्थिक सर्वेक्षण 2078।79 अनुसार)**

| आर्थिक वर्ष | थप भएका बालविकास केन्द्र (संख्या) | जम्मा बालविकास केन्द्र (संख्या) | लाभान्वित बालबालिका (संख्या) | प्रारम्भिक बालविकास को कूल भर्नादर | प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा 1मा नयाँ भर्ना हुन आएका विद्यार्थीहरुको प्रतिशत |
|---|---|---|---|---|---|
| 077।78 | 262 | 36712 | 1113596 | 87.6 | 70.2 |
| 078।79 | | 36531* | 1010195 | 89.6 | 74.9 |

*आर्थिक वर्ष २०७८।७९ मा ३० हजार ७ सय १८ सामुदायिक र ५ हजार ८ सय १३ संस्थागत गरी जम्मा ३६ हजार ५ सय ३१ बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेको ।

## 2.8. समस्या तथा चुनौतीहरु

प्रारम्भिक बाल विकास तथा शिक्षाको क्षेत्रमा रहेका समस्या तथा चुनौतिहरू देहाय बमोजिम पहिचान गरिएका छन् ।

### 2.8.1. नीतिगत

(□) प्रारम्भिक बालविकास केन्द्रका क्रियाकलापहरुलाई बालबालिका कै मातृभाषामा सिकाइ सर्वाङ्गीण विकासका लागि उचित वातावरणको प्रवन्ध गर्नु।

(□) सबै बालबालिकाहरुलाई बाल विकासको पहुँचमा ल्याउनु ।

(□) प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक शिक्षा तथा सोको अवधिसम्बन्धी विषयमा एकरूपता ल्याउनु ।

(□) नक्साङ्कनको आधारमा बाल विकास केन्द्रको स्थापना गर्ने, समायोजन गर्ने, गाभ्ने तथा बन्द गर्ने कार्यलाई सार्थकता दिनु ।

(□) बालविका तहमा काम गर्ने शिक्षकको सुविधा वृद्धि गरी प्राथमिक तह तृतीय सरह गराउनु।

### 2.8.2. संस्थागत

(□) ऐन, नियम, मापदण्ड, कार्यविधिहरूको प्रभावकारी कार्यान्वयन गर्नु ।

(□) पूर्व प्राथमिक र प्राथमिक वालविकास केन्द्रबिच एकरुपता कायम राख्दै प्रारम्भिक वालविकासको ब्यवस्थापन र सञ्चालनमा तीनै तहका सरकार र सरोकारवालाबिच उचित समन्वय कायम गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।

### 2.8.3. कार्यक्रमगत

(□) उचित पारिश्रमिकको व्यवस्थासहितको दक्ष शिक्षकको व्यवस्था गर्नु ।

(□) सबै केन्द्रमा प्रविधिको विस्तार गरी सिकाइमा प्रयोग गर्नु ।

(□) बालबालिकालाई सामुदायिक बालबिकास केन्द्रमा आकर्षण बढाउनु ।

(□) अभिभावक सहभागिता अभिवृद्धि गर्नु ।

Edupatra.com

(□) हालको बालविकास केन्द्रको नक्साङ्कन गरी पुनर्वितरण गर्ने तथा नयाँ बालविकास केन्द्रको स्थापना गर्नुका साथै बालउद्यानको निर्माण गर्नु।

## २.९. सुधारका लागि सुझावहरू

(□) प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने बालवालिकालाई कुनै शुल्क तिर्नु नपर्ने ब्यवस्था गरी दिवा खाजा एवम् पर्याप्त सामग्रीको प्रवन्ध मिलाउने ।

(□) बालविकास केन्द्रको शिक्षक सहजकर्तालाई टिकइराख्न बालमनोविज्ञानमा तालिम लिएको हुनुपर्ने व्यवस्था गरी हरेक वर्ष कार्यसम्पादनको आधारमा मूल्याङ्कन गरी पुरस्कृत गर्ने ।

(□) अभिभावक जागरण कार्यक्रमको ब्यवस्था मिलाई तोकिएको मापदण्ड पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न प्रभावकारी संयन्त्रको विकास गर्ने।

(□) कामकाजी घरपरिवारका चार वर्ष मुनिका बालबालिकाका लागि खोलिने हेरचाह तथा दिवा स्याहार केन्द्रका लागि आवश्यक पर्ने मापदण्ड निर्धारण सङ्घले गर्ने र सोको कार्यान्वयन तथा सहजीकरण स्थानीय तहले गर्ने।

(□) प्रारम्भिक बाल विकास केन्द्रसम्बन्धी मापदण्ड स्थानीय तहले कार्यान्वयनमा ल्याउने र सहजीकरण तथा सहयोग विद्यालयलाई गर्ने ।

(□) सबै बालविकास केन्द्रमा न्यूनतम कक्षा १२ उत्तीर्ण गरी तालिम प्राप्त शिक्षकको व्यवस्था गर्ने । बाल शिक्षकहरूलाई स्थायी प्रक्रियामा लैजाने ।

(□) तालिम प्राप्त शिक्षकबाट कक्षा सहजीकरणको सुनिश्चितता गर्ने । हालको सहजकर्ताहरू मध्ये योग्यता र क्षमता भएकालाई बालविकासको शिक्षकको रूपमा राख्ने र अन्यलाई बालविकास सहायक शिक्षकको रूपमा राखि बालविकासको व्यवस्थापन प्रभावकारी बनाउने ।

(□) शिक्षकका लागि प्रविधियुक्त स्वअध्याय सामग्री विकास गरी कार्यान्वयनमा ल्याउने । सिकाइमा प्रविधिको प्रयोग गर्ने ।

(□) प्रारम्भिक बालविकाससँग सम्बन्धित विषयमा एकीकृत रूपमा अभिभावक शिक्षा सञ्चालन गर्ने ।

(□) पाठ्यक्रम अध्यावधिक गर्ने र शिक्षक निर्देशिका बनाउने ।

(□) परिवेश अनुकूल बालविकास शैक्षिक सामग्रीको व्यवस्था गर्ने र शिक्षकलाई सामग्री प्रयोगसम्बन्धी तालिम दिने । शिक्षकलाई पुनर्ताजगी तालिम प्रदान गर्ने ।

(□) प्रारम्भिक बालविकासदेखि नै बालबालिकाको अपाङ्गताको पूर्वपहिचान (early screening) गर्न शिक्षक तालिममा यस विषयलाई समावेश गर्ने ।

(□) बालविकास तहमा काम गर्ने शिक्षकको सुविधा वृद्धि गरी प्राथमिक तह तृतीय श्रेणी सरह गराउने ।

### आ) **आभारभूत तथा माध्यमिक शिक्षा**

प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा र कक्षा ९ देखि कक्षा १२ सम्म वा सो सरहको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ । नेपालको संविधानले सबैको लागि शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क हुने संवैधानिक प्रावधान रहेको छ ।मानव जीवनयापनका लागि चाहिने आधारभूत सिप र ज्ञान आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा घुलमिल भई जीवनयापन गर्न सहज बनाउने आधारभूत शिक्षा दिइन्छ । बालबालिकाको मस्तिष्क विकासलगायत सर्वाङ्गीण विकासको दृष्टिले पनि आधारभूत शिक्षा व्यक्तिको जीवन र माथिल्लो तहको शिक्षाको महत्त्वपूर्ण आधार हो । विश्वव्यापी रूपमा सबैका लागि शिक्षा (२०००-२०१५), सहस्राव्दी विकास लक्ष्य (२०००-२०१५) तथा दिगो विकास लक्ष्य (२०१५-२०३०) ले विद्यालय शिक्षालाई उच्च महत्व दिएको छ ।

आधारभूत तथा माध्यमिक शिक्षाले गुणस्तरीय जीवन र समाजवादउन्मुख शिक्षा नीतिलाई सहयोग गर्नु पर्छ । आधारभूत शिक्षालाई सबै व्यक्तिको अन्तर्निहित क्षमतालाई पहिचान गर्ने अवसरका रूपमा लिई हाल नेपालमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । हाल विद्यालय शिक्षाको सञ्चालन व्यवस्थापनको मुख्य क्षेत्राधिकार स्थानीय तहको रहेको छ । शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ मा रहेका प्रावधानहरू अनुरूप विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

Edupatra.com

## २.10. समस्या तथा चुनौतीहरू

आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी मौजुदा कानुनी व्यवस्था र कार्यान्वयन भएका कार्यक्रमहरूबाट विभिन्न शैक्षिक सूचकहरूमा उल्लेखनीय सुधार आए पनि समग्ररूपमा अपेक्षित उपलब्धि हासिल गर्न अझै समय लाग्ने देखिएको छ । विद्यालय तहको शिक्षामा गुणस्तरीय शिक्षा आर्जन गर्न पाउने बालबालिकाको मौलिक हक र अधिकारलाई सुनिश्चित गरी आधारभूत तथा माध्यमिक शिक्षाको विकास, विस्तार र गुणस्तर सुधारलगायतका कार्यमा निम्नानुसारका मूलभूत मुद्दा तथा चुनौतीहरू रहेका छन् ।

### 2.10.1. नीतिगत

(□) विपन्न, अपाङ्गता भएका, दलित, भौगोलिक कठिनाइमा रहेका, मौसमी बसाइसराइ गर्ने लगायतका विद्यालय बाहिर रहेका बालबालिका व्यक्तिगत तवरमा पहिचान गरी विद्यालय पहुँचमा ल्याउनु ।

(□) निःशुल्क र अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकारहरूलाई सक्षम तुल्याउनु र यसको मर्मअनुसार सबै

बालबालिकाहरूलाई अनिवार्य रूपमा निःशुल्क पढ्न पाउने व्यवस्था गर्ने आधारभूत शिक्षामा सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

(□) विद्यालय सेवा क्षेत्रसम्बन्धी (स्कूल जोनिङ) नीति स्थानीय तहले कार्यान्वयन गर्नु ।

(□) विद्यालयहरुमा न्यूनतम शिक्षक दरवन्दीको सुनिश्चितता र आपूर्ति गर्नु।

(□) विभिन्न शिक्षा आयोगका प्रतिवेदन, अध्ययन अनुसन्धान तथा अन्तर्राष्ट्रिय अभ्यास र अनुभवलाई दृष्टिगत गरी शिक्षामा गरिने लगानी वृद्धि गर्नु र दिगो तथा पर्याप्त लगानीको सुनिश्चित गर्नु ।

(□) मेधावी जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्नु । एकै प्रकारका सेवा सर्त सुविधा प्राप्त गर्ने शिक्षक व्यवस्था गर्नु ।

(□) शिक्षकलाई पेशाप्रति जिम्मेवार र जवाफदेही बनाउनु ।

(□) विद्यालय सुशासन (विद्यालय व्यवस्थापन, वित्तीय अनुशासन, सुशासन, जवाफदेही, पारदर्शिता ) कायम गर्नु ।

(□) बहुपाठ्यपुस्तक प्रणालीलाई कार्यान्वयनमा ल्याउनु ।

(□) शैक्षिक संस्थाहरूको आन्तरिक सक्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु।

(□) संस्थागत विद्यालयलाई सेवामुखी बनाउनु ।

Edupatra.com

### 2.10.2. संस्थागत

(□) शैक्षिक संस्थाहरूको नक्साङ्कन गरी सो को आधारमा शैक्षिक संस्थाहरूको स्थापना गर्ने, विभिन्न प्रकृतिका विद्यालयको समायोजन र समकक्षता कायम गर्ने कार्यलाई व्यवस्थित बनाउनु ।

(□) विद्यालयको भौतिक र शैक्षिक पूर्वाधार (शौचालय, कक्षाकोठा, शिक्षक, खेलमैदान, पुस्तक र आधारभूत शैक्षिक सामग्री ) व्यवस्था गर्नु र अपाङ्गतामैत्री विद्यालयको भौतिक संरचना र शिक्षण सिकाइ वातावरणको विकास गर्नु ।

(□) तालिममा सिकेका ज्ञान, सिप कक्षाकोठाको सिकाई प्रक्रियामा प्रतिबिम्बित गराउन आवश्यकताका आधारमा शिक्षक तालिम प्रदान गर्नु।

(□) सबै विद्यालयमा प्रविधिको विस्तारद्वारा सिकाइमा विविधीकरण गर्दै आपतकालमा समेत सिकाई निरन्तरता दिई शैक्षिक क्षतिलाई कम गराउनु।

(□) विद्यालयको बाहिरी तथा भित्री वातावरणलाई बालमैत्री र आकर्षक बनाई सबै सामुदायिक विद्यालयलाई अभिभावक र विद्यार्थीको पहिलो रोजाइको विद्यालय बनाउनु ।

(□) प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढाउन प्राविधिक धारका शिक्षालयहरू आवश्यकता र मागको आधारमा स्थापना गर्नु

Edupatra.com

### 2.10.3. कार्यक्रमगतः

(□) स्रोत र साधनलाई आवश्यकता र प्राथमिकताको आधारमा अधिकतम प्रतिफल लिन सक्ने गरी समुचित वितरण गर्नु ।

(□) शैक्षिक संस्था तथा पदाधिकारीलाई विद्यार्थीको नतिजाप्रति जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउनु ।

(□) प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई सुदृढ गरी स्वचालित बनाउनु ।

(□) शिक्षामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागू गर्नु ।

(□) छात्रवृत्तिलाई आवश्यकतामा आधारित तथा विपन्न लक्षित वर्गमा केन्द्रित गर्नु ।

(□) प्रति विद्यार्थी लागतको आधारमा आदर्श लगानी आधारभूत शिक्षामा गर्नु।

(□) विज्ञान, गणित तथा प्राविधिक धारतर्फका विषयहरूमा शिक्षकहरू नपाइने अवस्थाको अन्त गर्नु ।

(□) विद्यालय तथा शिक्षण सिकाइको अनुगमन मूल्याङ्कन र सुपरिवेक्षण (प्राविधिक सहायता) लाई शिक्षण सिकाइ क्रियाकलाप तथा सिकाइ व्यवस्थापनको अभिन्न अङ्ग बनाउनु ।

## 2.11. सुधारको बाटो

आभारभूत शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्न, निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्न, आधारभूत शिक्षाको सान्दर्भिकता र उपयोगिता थप गर्न, विभिन्न प्रकृतिको विद्यालयको समायोजन र समकक्षता कायम गर्न, पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार गर्न, विद्यालय सुशासन र व्यवस्थापनमा सक्षमता ल्याउन, अपाङ्गता भएका र विशेष लक्षित समूहका बालबालिकाको सिकाइमा सुधार ल्याउन तथा विद्यालयको अनुगमन निरीक्षण र शैक्षिक सुपरिवेक्षणसहित निजी लगानीको विद्यालयको व्यवस्थापनबाट आधारभूत शिक्षामा देहायअनुसारका सुधार आवश्यक देखिन्छ ।

(□) अनिवार्य र निःशुल्क शिक्षाको कार्यान्वयनका लागि हरेक स्थानीय सरकारले आफ्नो क्षेत्रको शिक्षा विकासका लागि शिक्षा योजना तयार गर्ने र सोको आधारमा सहलगानी, सहभागितात्मक व्यवस्थापन र दिगोपन ल्याउने ।

(□) घर परिवार तहसम्मको सबै प्रकृतिको तथ्याङ्क स्थानीय तहमा रहने व्यवस्था गर्ने र विद्यालय नगएका विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विशेष परिचय पत्रको व्यवस्था गरी विद्यालयमा जाने वातावरण निर्माण गर्ने । साथै ५ देखि १२ बर्ष सम्मका बालबालिकालाई निःशुल्क र अनिवार्य शिक्षाको लागि विद्यालय भर्ना नगराएमा कानुन बमोजिम दण्डनीय हुने कुरा अभिभावकलाई बोध गराउने ।

Edupatra.com

(□) विद्यालयको अवस्था पहिचान गरी नक्साङ्कनका आधारमा विद्यालयको समायोजन गर्ने र आधारभूत न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधारहरू सबै प्रकृतिका विद्यालयहरूमा समान बनाउने ।

(□) आफ्नो क्षेत्रभित्रका बालबालिकालाई आधारभूत शिक्षाको अधिकार सुनिश्चित गर्ने काम स्थानीय सरकारको भएकोले विद्यालय सेवा क्षेत्र (School catchment area or school zoning) किटान गरी खास सेवा क्षेत्रभित्रका बालबालिकाहरू आफ्नो समुदाय भित्र रहेको विद्यालयमा अध्ययन गराउने व्यवस्था गर्ने । यसका लागि विद्यालय सेवा क्षेत्र निर्धारणका आधार र मानक सङ्घले तोक्ने र कार्यान्वयन तथा नियमन स्थानीय तहले गर्ने ।

(□) विद्यालय सेवा क्षेत्रको व्यवस्था आधारभूत तहबाट परीक्षण गरी क्रमशः माध्यमिक तहसम्म कार्यान्वयनमा ल्याउने । सबै प्रकारका विद्यालयहरूलाई जोनिङ्गको आधारमा व्यवस्थित गर्ने र आवश्यकता नभएका स्थानमा विना योजना विद्यालय खोल्ने परिपाटी तत्काल बन्द गर्ने ।

(□) आधारभूत शिक्षा अनिवार्य र निःशुल्क प्रदान गर्न वित्तीय व्यवस्था सङ्घ, प्रदेश र स्थानीय सरकारका साझेदारीमा र व्यवस्थापकीय जिम्मेवारी स्थानीय सरकारले लिने।

(□) निजी लगानीमा सञ्चालित विद्यालयले न्यूनतम १० प्रतिशत विद्यार्थीलाई पूर्ण रूपमा निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने र सोको लागि स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका गरिव, विपन्न, दलित, अपाङ्गता भएका, छात्राहरुको पहिचान गर्ने ।

(□) सङ्घीय सरकारले आधारभूत तह पुरा गरे पश्चात बालबालिकाले हासिल गर्नु पर्ने राष्ट्रिय सिकाइ सक्षमताहरु विकास गर्ने र ति सक्षमताहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, शिक्षक तालिम, शिक्षक छनोट, शिक्षण र मूल्याङ्कन गर्न आवश्यक निर्देशनहरू तयार गर्ने ।

(□) बार्षिक कार्यसम्पादनको मूल्याङ्कनमा उत्कृष्ट हुने शिक्षकलाई विद्यालय तथा स्थानीय सरकारले बार्षिक रूपमा पुरस्कार तथा सम्मान दिने । उत्कृष्ट कार्य सम्पादनका आधारमा स्थानीय सरकारले सिफारिस गरी पठाएको शिक्षकलाई प्रदेश र सङ्घीय सरकारले पनि पुरस्कृत गर्ने व्यवस्था गर्ने ।

(□) मातृभाषालाई माध्यम भाषाको रूपमा कम्तिमा कक्षा ३ सम्म अनिवार्य गर्ने । मातृभाषासम्बन्धी पाठ्यसाम्री, शिक्षण सामग्री तथा विद्युतीय सामग्रीहरू स्थानीय तहमा नै निर्माण गरी वितरण गर्ने ।

(□) स्थानीय सरकारद्वारा मातृभाषा, लिपि, साहित्य एवम् संस्कृति संरक्षण, विकास तथा पठनपाठनको काम सुनिश्चित गर्ने ।

(□) प्रति कक्षा ३० विद्यार्थीका लागि एक शिक्षक हुने गरी तालिम प्राप्त र दक्ष शिक्षकको माध्यमबाट सिकाय गर्न पाउने बालबालिकाको अधिकारलाई सुनिश्चित गर्ने । कक्षा १ देखि ३ सम्म कक्षा शिक्षण पद्धति र कक्षा ४ देखि माथि विषयगत शिक्षण पद्धति अपनाउने ।

Edupatra.com

(□) विद्यालयले भोग चलन गरेको जग्गालाई विद्यालयको नाममा नामसारी गराउने व्यवस्था गर्ने र जग्गा नभएको विद्यालयलाई जग्गा उपलब्ध गराउन स्थानीय सरकारले लगानी गर्ने ।

(□) विद्यालयको भवन निर्माण र त्यसभित्र आवश्यक पर्ने पक्षहरू (विद्यालय भवन तथा कक्षाकोठा, विद्यार्थी, शिक्षक, खानेपानी, शौचालय, पुस्तकालय, खेलमैदान, प्रयोगशाला, प्रविधि र उपकरण, करेसावारी आदि ) को व्यवस्थापन प्राथमिकताका राखि लगानी गर्ने ।

(□) निजी, सार्वजनिक, धार्मिक, सहकारी, गुठी कुनै पनि विद्यालयले विदेशी नाम राख्न नपाउने नीतिगत र कानूनी व्यवस्था गर्ने र स्थानीय तहले प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने ।

(□) सबै प्रकृतिका विद्यालयमा समान स्तरको शिक्षकको व्यवस्था गरी लगानी गर्ने ।

(□) बहुपाठ्यपुस्तक नीतिका आधारमा बहुपाठ्यपुस्तकको उपलब्धता गराउने ।

(प) अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयमा सिकाइ गर्ने शिक्षकलाई अन्य शिक्षक सरह बनाउने ।

(फ) विद्यालयको भौतिक पूर्वाधार अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने ।

(ब) विशेष विद्यालयहरूको स्थापना र सञ्चालन सङ्घीय सरकारले गर्ने र प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र सञ्चालति त्यस्ता विद्यालयहरूको सञ्चालन तथा व्यवस्थापनमा सघाउने ।

(भ) नियमित विद्यालयका बालबालिकासँग वसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूलाई अपाङ्गताको प्रकृतिअनुसार आवश्यक पर्ने सामग्रीहरू विद्यालयले नै उपलब्ध गराउने नीति लिने ।

(म) विपन्नताका आधारमा छात्रवृत्ति दिने व्यवस्था मिलाउने र यसको जिम्मेवारी स्थानीय सरकारले लिने ।

(य) कम्पनी ऐन अन्तर्गत निजी लगानीका विद्यालयहरू संक्रमणकालीन व्यवस्थापनका रूपमा गैरनाफामुखी सेवामूलक सामाजिक संस्थाका रूपमा रूपान्तरण गर्न निश्चित समयभित्र कम्पनी, सहकारी, गुठी लगायतबाट सञ्चालित सम्पूर्ण विद्यालयहरूलाई एउटै ढाँचाभित्र ल्याउने ।

(र) कम्पनी स्वामीत्वमा रहेका विद्यालयहरू गैरनाफामूलक शैक्षिक गुठीमा जान चाहेमा त्यस्ता विद्यालयलाई राज्यले शिक्षक तालिम, जग्गा रजिष्ट्रेशन, गाडीको भन्सार महशुल, सूचना प्रविधि सामग्री लगायतका सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था गर्ने ।

(ल) तहगत र विषयगत शिक्षक व्यवस्थापनका लागि शिक्षक विद्यार्थी अनुपात (३०:१) का आधार शिक्षक दरवन्दीको व्यवस्था गर्ने । एकै प्रकारको शिक्षक मात्र रहने व्यवस्था गरी शिक्षण पेसालाई सम्मानित बनाउने ।

(व) प्रधानाध्यापकलाई प्रदान गरिएको अधिकार तथा त्यसको प्रयोगका लागि पारिश्रमिक र सुविधाहरू पर्याप्त तथा उत्प्रेरक बनाउने ।(आधारभूत तलबको १० प्रतिशत थप)

(श) निजी विद्यालयको शुल्क संरचना, शिक्षकलाई दिइने तलब सुविधा, आयव्ययको पारदर्शि हिसावकिताव, पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग, न्यूनतम भौतिक पूर्वाधार र छात्रवृत्तिको सबै तहको सरकारबाट नियमित नियमन र अनुगमन गर्ने।

Edupatra.com

(ष) कक्षा ९ देखि व्यावसायिक सिप तालिम र कक्षा ११ देखि प्राविधिक शिक्षाको प्रबन्ध सबै माध्यमिक विद्यालयमा गरी रोजगारमूलक व्यावसायिक शिक्षा र जीवनउपयोगी स्वावलम्बी सिप विकास तालिम दिने ।

(स) माध्यमिक शिक्षामा सामुदायिक र नैतिक शिक्षा, नागरिक शिक्षा र नेपालका मौलिक दर्शन, पूर्वीय दर्शन, नेपाली संस्कृति र मौलिकताको अध्ययन, योग तथा ध्यानको अध्यासलाई अनिवार्य बनाइ लागू गर्ने ।

(ह) हरेक स्थानीय तहमा कम्तीमा एउटा समाधनसम्पन्न प्राविधिक शिक्षालय स्थापना र विकास गर्ने ।

(क्ष) औपचारिक माध्यमिक शिक्षामा आउन असमर्थ युवाको रोजगारीमूलक माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्न अनौपचारिक र आजीवन सिकाइको अवसरलाई व्यवहारमा उतार्ने ।

(त्र) प्राविधिक तथा व्यावसायिक शिक्षा र साधारण शिक्षामा संलग्न विद्यार्थीको अनुपात ३०:७० बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी वृद्धि गर्ने ।

# खण्ड – तीन
# गुणस्तर अभिवृद्धि

## ३.१. परिचय

गुणस्तर निरपेक्ष नभै सापेक्षित हुन्छ । मुलुकको समृद्धि मानव संशाधनको गुणस्तरसँग सम्बन्धित हुन्छ । गुणस्तरीय शिक्षाबाट नै गुणस्तरीय जनशक्ति प्राप्त हुन्छ । राष्ट्रलाई चाहिने विकासका लागि जनशक्ति तयार गर्ने, गरिवी घटाउने र लोकतान्त्रिक पद्धतिअनुसारको शिष्टाचार तथा नैतिकता भएको नागरिक तयार गर्ने शिक्षा गुणस्तरीय शिक्षा हो । व्यक्तिगत रूपमा स्वतन्त्र, सामाजिक रूपमा सहिष्णुता, नैतिकता र शिष्ट संस्कृतिको प्रवर्धन गर्ने, विश्वव्यापी रूपमा प्रतिस्पर्धी, विकासमा सहयोगी र राष्ट्रियता प्रवर्धन गर्ने नागरिक नै गुणस्तरीय शिक्षा प्राप्त गरेको नागरिक हो । नेपालमा अहिलेकव परिवेशमा अङ्ग्रेजी पढ्नु पढाउनु र परीक्षामा राम्रो अङ्क ल्याउनुलाई गुणस्तरीय शिक्षा मानी त्यसैमा प्रतिस्पर्धा गर्ने गरेको पाइन्छ । एक्काइसौँ शताव्दीमा आएर विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) का विषयवस्तु समावेश भएको पाठ्यक्रममा आधारित शिक्षालाई गुणस्तरीय शिक्षा मानिन्छ । गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय लगानी, गुणस्तरीय प्रक्रिया र गुणस्तरीय उत्पादन आवश्यक पर्छ । संवैधानिक प्रावधान अनुसार अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षालाई सुनिश्चित गर्न सञ्चालनमा रहेका सबै विद्यालयमा न्युनतम शिक्षकको व्यवस्थापन हुनु पर्दछ ।दरवन्दि मिलान प्रतिवेदन अनुसार माध्यमिक तहमा २४८३५, निम्नमाध्यमिक तहमा २४४०१ र प्राथमिक तहमा ३९२२ गरी जम्मा ५३१५८ थप शिक्षक आवश्यक पर्ने देखिन्छ । न्यूनतम शिक्षक व्यवस्थापन कार्य प्राथमिकताका साथअघि बढाउनु गुणस्तर कायम गर्नका लागि पहिलो पाइलो हो । समग्रमा राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्दै समसामयिक सामाजिक, आर्थिक र राजनीतिक परिवेशभित्र आन्तरिक र बाह्य बजारमा सजिलै बिक्री हुन सक्ने ज्ञान र सिप भएको, नैतिकवान् र आफूलगायत परिवारलाई खुसी र सुखी राख्न सक्ने नागरिक तयार गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो ।

edupatra.com

## ३.२. विद्यालय शिक्षामा गुणस्तरको हालको अवस्था

शिक्षाको राष्ट्रिय उद्देश्यको प्राप्ति भए नभएकोबाट शिक्षाको गुणस्तर तय गर्न सकिन्छ । नेपालको हालको शिक्षा पद्धतिलाई रोजगारी सिर्जना गर्न नसक्ने, पुर्ख्यौली पेसा अवलम्बन गर्न नचाहने, रोजगार बजारमा विकाउ नहुने जनशक्ति तयार गर्ने तथा अनुशासन, नैतिकवान् र चरित्रवान् नागरिक तयार गर्न नसक्ने शिक्षा भनेर आलोचना गरिन्छ । शिक्षाको उपलब्धि मापन गर्ने एउटा आधार विद्यार्थीको औषत उपलब्धिस्तरलाई मानिन्छ । यसको सम्बन्ध पाठ्यक्रमसँग हुन्छ र पाठ्यक्रमको सम्बन्ध शिक्षाका उद्देश्यसँग हुन्छ । नेपालका धैरै अध्ययन र तथ्य तथ्याङ्कले विद्यार्थीको औषत उपलब्धि ५० प्रतिशतभन्दा कम देखाएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएको विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणको देहायको नतिजाबाट पनि विश्लेषण गर्न सकिन्छ ।

**सिकाइ उपलब्धि विवरण**

| विषय | कक्षा ३ | | कक्षा ५ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | २०१२ | २०१५ | २०१२ | २०१५ | २०११ | २०१३ |
| नेपाली | ६३ | ५१.५ | ६० | ४६.३ | ४९ | ४८ |
| गणित | ६० | ४४.६ | ५३ | ४८.३ | ४३ | ३५ |
| अंग्रेजी | | | ५४ | ४६.८ | | |
| विज्ञान | | | | | | ४१ |
| सामाजिक | | | | | ४९ | |

**तहगत विद्यार्थीको उपलब्धिस्तर २०१७ (राष्ट्रिय औसत ५०० मानिएको छ) कक्षा ८**

| तह | गणित | नेपाली | विज्ञान | विद्यार्थीको क्षमतास्तर |
|---|---|---|---|---|
| ६ | 606 माथि | 605 माथि | 575 माथि | अति उच्च |
| ५ | 553-606 | 549-605 | 529-575 | प्रविणता ३ |
| ४ | 501-553 | 494-549 | 482-529 | प्रविणता २ |
| ३ | 448-501 | 438-494 | 436-482 | प्रविणता १ |
| २ | 395-448 | 383-438 | 390-436 | आधारभूत |
| १ | 395 भन्दा कम | 383 भन्दा कम | 390 भन्दा कम | कमजोर |

**प्रदेशस्तरीय उपलब्धि २०१७ (राष्ट्रिय औसत ५०० मानिएको छ) कक्षा ८**

| प्रदेश | गणित | नेपाली | विज्ञान |
|---|---|---|---|
| प्रदेश ७ | ४८० | ४९६ | ४८८ |
| प्रदेश ६ | ४६७ | ४९२ | ४८४ |
| प्रदेश ५ | ५०१ | ५०१ | ४९८ |
| प्रदेश ४ | ५१४ | ५११ | ५१८ |
| प्रदेश ३ | [illegible] | ५१८ | ५२९ |
| प्रदेश २ | ५०१ | ४७८ | ४८८ |
| प्रदेश १ | ४८६ | ४९२ | ४८३ |

राष्ट्रिय औसतभन्दा कम नतिजा धेरै विषय र प्रदेशमा पाइन्छ । परीक्षामुखी मूल्याङ्कनबाट प्राप्त नतिजालाई नै गुणस्तर मानी शैक्षिक गतिविधिलाई परीक्षामुखी र घोकन्ते प्रणालीमा बदल्ने कोशिस विद्यालयहरूबाट अभ्यासमा आउन थालेको देखिन्छ । ज्ञानभन्दा पनि सिप र धारणामा परिवर्तन गर्ने र उत्पादिन जनशक्तिको व्यक्तिगत र सामाजिक जीवन सफल र खुसी बनाउन ध्यान कम भएको देखिन्छ। मूल्याङ्कनका साधनमा विविधता ल्याइ समय, स्थान र सिकाइ अनुकूलका रणनीति प्रयोग गर्नु पर्ने अवस्था छ ।

## 3.3. विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धिका समस्या तथा चुनौतीहरू

विद्यालय शिक्षामा मौजुदा कानुनी व्यवस्था तथा कार्यक्रमको कार्यान्वयनबाट विविध शैक्षिक सूचकहरूमा क्रमशः सुधार भएको देखिएता पनि अपेक्षित सुधारका लागि थप लगानी र प्रभावकारी व्यवस्थापन आवश्यक देखिन्छ । विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धिका लागि रहेका मूलभूत चुनौतीहरू निम्नानुसार पहिचान गरिएको छ ।

### 3.3.1. नीतिगत

(□) विद्यालयहरूमा न्यूनतम सिकाइ पूर्वाधार र कक्षागत तथा विषयगत शिक्षक दरवन्दीको सुनिश्चतता र व्यवस्था गर्नु ।

(□) मेधावी जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्नु र टिकाइ राख्नु ।



Edupatra.com

(□) शिक्षण पेसालाई सम्मानित बनाउनु र शिक्षकलाई पेसाप्रति जिम्मेवार र जवाफदेही बनाउनु ।

(□) विद्यालय सेवा क्षेत्र (School Zoning) र बहुपाठ्यपुस्तक प्रणालीसम्बन्धी नीति कार्यान्वयन गर्नु ।

(□) शैक्षिक संस्थाहरूको आन्तरिक सक्षमता बलियो बनाउनु ।

(□) प्राविधिक शिक्षालयहरूलाई नक्साङ्कनका आधारमा स्थापना गरी विद्यार्थीको आकर्षण बढाउनु ।

(□) विद्यालय बाहिर रहेका जटिल अवस्थाका विद्यार्थीलाई व्यक्तिगत रूपमा सहयोग गर्नु र विद्यालयमा ल्याइ सिकाउनु ।

(□) शिक्षाको लगानीलाई प्राथमिकता तथा आवश्यकताको आधारमा न्यायिक वितरण गरी दिगो र पर्याप्त लगानी गर्नु ।

### ३.३.२. कानुनी

(□) गुणस्तरीय शिक्षाको परिभाषा र बुझाइ स्पष्ट गर्नु ।

(□) विद्यालय शिक्षामा गुणस्तरको मानक र सूचकहरू तय गर्नु ।

(□) छायाँ शिक्षाका रूपमा सञ्चालित ब्रिज कोर्स, ट्युसन सेन्टर, कोचिङ सेन्टर तथा शैक्षिक परामर्श प्रदायक संस्थाहरूको नियमन र व्यवस्थापन गर्नु ।

(□) विद्यालय सुपरिवेक्षणलाई सिकाइ प्रक्रियाको अभिन्न अङ्ग बनाउनु ।

(□) शिक्षामा लगानी गर्ने निजी क्षेत्रलाई सामाजिक रूपमा उत्तरदायी बनाउनु ।

(□) आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क बनाउनु ।

(□) गुणस्तरीय शिक्षाको बुझाईमा एकरुपता र स्थानीय स्वीकार्यता कायम गर्नु ।

(कसैले पाठ्यक्रम र पाठ्यवस्तुमा मात्रै गुणस्तर खोज्ने, कसैले भाषामा गुणस्तर देख्ने । कसैले व्यवस्थापनमा मात्रै गुणस्तर खोज्ने, कसैले नतिजामा मात्रै गुणस्तर खोज्ने , कसैले आचरण र नैतिकतामा मात्रै गुणस्तर खोज्ने र कसैले बजारसँग जोडेर उत्पादनमा मात्रै गुणस्तर खोज्ने । राष्ट्रियस्तरमा परिभाषित गरेको गुणस्तर र तयार गरिएको गुणस्तरीय शिक्षाको सूचकहरुलाई स्थानीय स्तरमा स्वीकार गर्न, बुझ्न र अनुकूलन गर्न नसक्नु । गुणस्तरको सूचक अन्तर्राष्ट्रिय दातृ संस्थाको सहयोगमा सरकारले बनाउने र जनताले मानिदिनु पर्ने जस्तो भयो ।)

(□) विद्यालय शिक्षामा स्थानीय सरकारको भूमिका सुधारमुखी बनाउनु ।

(स्थानीय सरकारले शिक्षामा नियन्त्रणको आँखाले कानुन बनाए , शिक्षक माथि नियन्त्रण, विद्यालय व्यवस्थापन समिति माथि नियन्त्रण । सङ्घीय शिक्षा ऐनको अभावमा जाँगरिला स्थानीय तहले सुधार गर्न खोजे अल्छि स्थानीय तहले तलब मात्रै निकासा गरेर बसेको अवस्था रह्यो ।)

(□) गुणस्तरीय शिक्षा दिने जवाफदेही निकायको किटान गर्नु ।

Edupatra.com

(गुणस्तरीय शिक्षा दिने काम शिक्षक, विद्यार्थी, स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति र शिक्षकअभिभावक सङ्घलाई छोडिए तर गुणस्तरको जिम्मा कस्को ? भन्ने किटान भएन । शिक्षकहरुले जागिर पकाउने काम गरे । विद्यालय व्यवस्थापन समितिले भौतिक निर्माणको मात्रै काम गरे । विद्यार्थीहरु अरुको लागि पढिदिनु पर्ने हिसाबले स्कुल गए । शिक्षक अभिभावक सङ्घ पारदर्शीताको कुरामा अल्मलिए । स्थानीय सरकारले दाताको रुपमा बजेट दिने काम मात्रै गरे। यो कसैको पनि जवाफदेहितामा परेको देखिँदैन । गुणस्तरीय शिक्षा नहुँदा कार्वाही कसलाई हुने स्पष्ट छैन ।)

### 3.3.3. कार्यक्रमगत

1. शैक्षिक गतिविधिलाई सबै सरोकारवाला समक्ष पारदर्शी रूपमा सार्वजनिकीकरण गर्नु ।
2. प्राविधिक शिक्षा, प्रविधिमा आधारिक शिक्षाजस्ता शैक्षिक सुविधा तथा अवसरको समतापूर्ण वितरण गर्नु ।
3. अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण पक्षलाई प्रभावकारी बनाउनु ।
4. सेवाको गुणस्तर नियमन गर्नु ।
5. शिक्षकलाई जिम्मेवार र उत्तरदायी, प्रविधिमैत्री एवम् अध्ययनशील बनाउनु।
6. सेवा निवृत्त शिक्षकहरूको अनुभवलाई उपयोग गर्नु ।
7. स्थानीय सरकारको लगानी र बजेटमा शिक्षक तलब र भौतिक पूर्वाधार मात्र नभई गुणस्तर सुधारको कार्यक्रमले स्थान पाउनु ।
8. विद्यालय र घरमा पर्याप्तमात्रामा उमेर र कक्षा सुहाउँदो पठन सामग्री उपलब्ध र पठन संस्कृति विकास गर्नु ।
9. मेधावी जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्नु र टिकाइ राख्न शिक्षण पेसाको सेवा सर्त तथा सुविधा अन्य पेसाको भन्दा आकर्षक गराउनु ।

Edupatra.com

### 3.3.4. व्यवहारिक

1. शिक्षासम्बद्ध सङ्गठन तथा व्यक्तिमा व्यावसायिकताको विकास गर्नु ।
2. शिक्षामा आरक्षणबाट उत्पन्न वर्तमान समस्यालाई उचित रूपमा सम्बोधन गर्नु ।
3. शिक्षक सरूवालाई प्रभाव र दवावबाट मुक्त गरी चक्रीय र नियमबद्ध बनाउनु ।
4. शैक्षिक व्यवस्थापन र सिकाइ उपलब्धि प्रतिको जिम्मेवारी तथा जवाफदेहिता बढाउनु ।

5. मूल्याङ्कनलाई सिकाइको वास्तविक मापनमा बदल्नु ।
6. विद्यालयको शैक्षणिक र व्यवस्थापकीय नेतृत्वमा गतिशिलता र ऊर्जाशिलता ल्याउनु । (मेरो बाले र हजुर बाले खोलेको विद्यालय हो भन्दै सँधै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न खोज्नु । विसौँ वर्षसम्म एकै जना प्रधानाध्यापक भएर हिँड्नु र यो नेतृत्वमा न जाँगर, न ऊर्जा, न आशा र न उत्साह केही नहुनु तर नेतृत्व परिवर्तन पनि हुन नसक्नु । जाँगर मेरका र उमेर ढल्केका नेतृत्व र शिक्षकको भरमा विद्यालय शिक्षा निर्भर रहनु।)
7. बालबालिकाको गुणस्तरीय सिकाईको लागि शिक्षक र अभिभावकको बिचमा साझेदारी गर्नु । (बालबालिकाको सिकाई राम्रो नभएकोमा अभिभावकले शिक्षकलाई र शिक्षकले अभिभावकलाई दोष दिने र पन्छिने गर्छन, दुवै पक्ष मिलेर सिकाई गुणस्तर सुधार्न लाग्न सकेनन् ।)
8. विद्यालय व्यवस्थापन समितिमा वास्तविक अभिभावकको प्रतिनिधित्व सुनिश्चित गर्नु ।

## 3.4. गुणस्तर अभिवृद्धिका लागि गरिने कार्यहरू

edupatra.com

### 3.4.1. शैक्षिक वातावरण विकास

विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धिका लागि शैक्षिक वातावरण विकासमा निम्नानुसारका कार्यहरू गरिने छ :

(□) विद्यालय शिक्षामा गुणस्तरको राष्ट्रिय मानक र सूचकहरू तय गर्ने ।सोही भित्र रहेको स्थानीय र प्रदेशले समेत तय गर्न सक्ने व्यवस्था गर्ने ।

(□) सामुदायिक पुस्तकालयको स्थापना गरी पठन संस्कृतिको विकास समुदाय तहमा गर्ने ।

(□) सङ्घीय तहबाट विद्यालय सञ्चालन मापदण्ड तर्जुमा गरी स्थानीय तहको समन्वय र सहकार्यमा कार्यान्वयनमा ल्याउने ।

(□) तीन वर्षभित्र विद्यालय बाहिर रहेका बालवालिकालाई विद्यालय भित्र्याउन घुम्ती विद्यालय, घुम्ती पुस्तकालय, लचकदार विद्यालयमार्फत विद्यालय शिक्षाको मूलधारमा ल्याउने ।

(□) जिआइएस (GIS) अवलम्वन गरी भौगोलिक र सामाजिक बनोटका आधारमा विद्यायल नक्साङ्कन गर्ने, नक्साङ्कनको आधारमा विद्यालयहरूको समायोजन तथा पुनर्वितरण स्थानीय तहले गर्ने र सुविधायुक्त ठुला विद्यालय, विशेष विद्यालय, नमूना विद्यालय, केन्द्रीय विद्यालय, विशिष्टीकृत विद्यालय स्थापना, विकास र सञ्चालनमा सङ्घले जोड दिने।

(□) विद्यालय सेवा क्षेत्र तय गर्ने र सेवा क्षेत्रभित्रका सबै बालबालिकालाई विद्यालय शिक्षाको सुनिश्चतताको दायित्व स्थानीय तहको हुने कानुनी व्यवस्था गर्ने ।

(□) अभिभावक शिक्षा बृहत रूपमा सञ्चालन गर्ने र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास गर्ने ।

(□) सबै विद्यालयमा शैक्षिक र भौतिक पूर्वाधारको मापदण्ड, सुरक्षित र सिकाइमैत्री विद्यालय वातावरणको मापदण्ड, हरित विद्यालय मापदण्ड, विद्यालय भवनको रङ्ग मापदण्ड, प्रविधियुक्त विद्यालय विकास मापदण्ड, सुरक्षित र बहुविपद्प्रति संवेदनशील विद्यालय मापदण्डको आधारमा सिकाइ वातावरण समान बनाउने ।

(□) गुणस्तरीय शिक्षाको लागि विद्यालयमा हुनुपर्ने गुणस्तरीय सिकाई वातावरण (Quality learning environment) मापदण्ड निर्माण, कार्यान्वयन, अनुगमन र प्रोत्साहन गर्ने ।

(विद्यालय सरोकारवालाहरुसँग समन्वय गरेर गुणस्तरीय शिक्षाको सङ्घीय मानकभित्र रहेर स्थानीय सरकारले गुणस्तर सुधारको लागि विद्यालयमा हुनु पर्ने न्यूनतम सूचकहरुसहितको गुणस्तरीय सिकाई वातावरणको मापदण्ड तय गर्ने । विद्यालयमा शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावकसँग यो कसरी कार्यान्वयन गर्ने भनी छलफल गर्ने। उक्त मापदण्ड र सूचकको आधारमा स्वःमूल्याङ्कन र वर्हिमुल्याङ्कन गर्ने। आधारभूत भौतिक र शैक्षिक सुविधा सबै विद्यालयमा सुनिश्चित गर्ने। उक्त मूल्याङ्कनको आधारमा बाह्य सहयोग प्रणाली स्थापना गर्ने जसका लागि प्राविधिक सहयोग, आर्थिक सहयोग र भौतिक सहयोग गर्ने ।)

Edupatra.com

(□) **ल**क्षित समूहका लागि आवासीय विद्यालय सञ्चालन गर्ने ।(लक्षित समूहलाई सिक्ने अवसर फराकिलो बनाउने, शिक्षकबाट थप सहयोग प्रदान गर्ने ।)

(□) विद्यालय शान्ति क्षेत्रको अवधारणा कार्ययोजनासहित कार्यान्वयन गर्ने र विद्यालयलाई सबै प्रकारका भय, विभेद र दुर्व्यवहारमुक्त बनाउने ।

(□) हरेक विद्यालयमा खेलकूद मैदान, खेल सामग्री र खेलकूद सहजकर्ताको व्यवस्था गर्ने ।

(□) हरेक विद्यालयमा स्वस्थ खानेपानी, सफा विद्यार्थीमैत्री शैक्षिक एवम् भौतिक पूर्वाधार र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताका लागि स्थानीय तहलाई जिम्मेवार बनाउने ।

(□) हरेक कक्षाकोठालाई शैक्षिक सामग्री, बाल सन्दर्भ सामग्री, बुक कर्नर र सूचना प्रविधि सामग्रीसहित कक्षाकोठामा हुने मनोवैज्ञानिक र शैक्षणिक व्यवस्थापनलाई बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री बनाउने ।

(□) परम्परागत विद्यालय (गुरूकूल, गुम्बा, मदरसा)को मूलप्रवाहीकरण गर्ने । चेताना वृद्धि गर्ने । विद्यालय तहसम्म सिकाइ र पाठ्यक्रमको मर्म बुझाउने।

(□) विद्यार्थी तत्परता र नियमितताको लागि अभिभावकसँग साझेदारी गर्ने।(घरमा पढ्ने वातावरण (पढ्ने कोठा, पढ्ने सामग्री र पढ्ने चलन) निर्माणको लागि अभिभावकलाई सचेतना बाँड्ने र सम्झौता नै गर्ने ।)

(□) वृहत विद्यालय सुरक्षा कार्यढाँचालाई स्थानीयकरण गरेर कार्यान्वयन गरी विद्यालयमा सुरक्षित सिकाई वातावरण निर्माण गर्ने । (विद्यालयको भौतिक संरचना सुरक्षित हुनुपर्ने, विपद् व्यवस्थापन प्रणालीलाई क्रियाशील गर्नु पर्ने र जोखिम न्यूनीकरण तथा उत्थानशिलता बारे ज्ञान सिप प्रदान गर्ने ।)

### ३.४.२. शिक्षक तयारी, विकास, पेसागत सहयोग र व्यवस्थापन

शिक्षक विकास तथा पेसागत सहयोग र व्यवस्थापनका लागि निम्नानुसारका कार्यहरू गरिने छ:

Edupatra.com

(□) शिक्षक तयारी कोर्स सञ्चालन गर्ने विश्वविद्यालयसँग समन्वय गरी गुणस्तरीय जनशक्ति विकासका लागि आवश्यक पर्ने स्रोत, साधन र सबै प्रकारको लगानी सुनिश्चित गर्ने ।

(□) भविष्यमा शिक्षक बन्ने गरी उच्च शिक्षामा मेधावी व्यक्ति अध्ययनका लागि प्रवेश गराउन र प्रवेश भएको जनशक्तिलाई टिकाउन शिक्षण पेसालाई आकर्षक पेसा बनाउन सेवा सुविधा आकर्षक गराउने, सामाजिक सम्मान बोध गराउने तथा उत्प्रेरणाका प्रावधानहरू राख्ने जस्तै छात्रवृत्ति तथा रोजगारीको सुनिश्चिततासहितका कार्यक्रम तय गर्ने ।

(□) शिक्षकको लागि छनोट पश्चात ६ महिनाको सेवा प्रवेश तालिम पश्चात मात्र विद्यालय पठाउने व्यवस्था गर्ने । यसका लागि केन्द्रमा शिक्षण काउन्सिलको व्यवथा गरी त्यस अन्तर्गत हरेक प्रदेशमा शिक्षण एकेडेमीको व्यवस्था गर्ने । अन्य शिक्षक तालिमको लागि स्थानीय सरकारको सिफारिसमा मात्र शिक्षण एकेडेमीले तालिम प्रदान गर्ने ।

(□) विश्वविद्यालयको शिक्षा शास्त्र सङ्कायले प्राज्ञिक कोर्स, शिक्षण विधिसम्बन्धी कोर्स र पेसागत दक्षता अभिवृद्धि कोर्स सञ्चालन गर्ने र शिक्षक बन्न शिक्षण विधिसम्बन्धी कोर्स अनिवार्य गर्ने । विद्यालय तहमा देखिएको गणित, विज्ञान र अङ्ग्रेजी विषय शिक्षक अभावलाई न्यूनीकरण गर्न शिक्षा सङ्कायको स्नातक तहको कोर्स डिजाइन बदल्ने । साथै उल्लिखित विषयहरूका लागि तालिम अप्राप्तलाई समेत करारमा शिक्षक नियुक्तिको लागि बाटो खुला

गर्ने र शिक्षण विधिसम्बन्धी कोर्स पूरा भएपश्चात मात्र स्थायी प्रक्रियामा समावेश हुन पाउने व्यवस्था गर्ने ।

(□) शिक्षकको कार्य विवरण र शिक्षक तयारी कोर्सको विषयवस्तुमा मिलान हुने गरी शिक्षक तयारी कोर्स सञ्चालन गर्ने व्यवस्था गर्ने ।

(□) एकैखालको सेवा शर्त र सुविधा पाउने शिक्षकको प्रबन्ध गर्ने ।

(□) विद्यालय तहमा नयाँ पाठ्यक्रम र विषयवस्तु सुरू गर्नु पूर्व नै त्यस विषयवस्तु र क्षेत्रमा जनशक्ति विकास भए नभएको अवस्था विश्लेषण गर्ने र आवश्यक जनशक्ति प्रक्षेपण गरी विश्वविद्यालयसँग समन्वय र सहकार्यमा जनशक्ति विकास गरी नयाँ पाठ्यक्रम प्रयोगमा ल्याउने।

(□) हालका शिक्षक सहयोग अनुदान( राहत) र साविक उच्च मा.वि. शिक्षक दरबन्दीलाई स्थायी शिक्षक दरबन्दीमा रूपान्तरण गर्ने र शिक्षक दरबन्दी स्थायी मात्र रहने व्यवस्था गर्ने ।

(□) विभिन्न विषयका सर्वाधिक वा तोकिएको उच्च अङ्क ल्याएका मेधावी व्यक्तिलाई प्रधानाध्यापकले स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिको परामर्शमा सोझै रिक्त दरबन्दीमा बढीमा एक वर्षका लागि करारमा नियुक्त गर्न सक्ने नीतिगत व्यवस्था गर्ने ।

(□) शिक्षक सेवा आयोगले शिक्षकका लागि लिने प्रतिस्पर्धात्मक परीक्षामा व्यावहारिक कक्षा प्रदर्शनलाई अनिवार्य बनाउने । साथै आधुनिक प्रविधि अपनाएर शिक्षकको शिक्षण प्रतिभा र उत्प्रेरणा स्तर जाँच्न सक्षमता, प्रतिभा तथा उत्प्रेरणा परीक्षण लिने व्यवस्था अनिवार्य गर्ने ।

Edupatra.com

(□) एक विद्यालयमा एक शिक्षक कार्यरत रहने अवधि वढीमा पाँच वर्षको बनाउने र त्यसपछि स्वतः सरूवा गरिने नीति लिने ।

(□) शिक्षकले सुरू पदस्थापन भएको विद्यालयमा अनिवार्य रूपमा २ वर्ष कार्यअवधि पुरा नगरी अर्को विद्यालयमा सरूवा हुन नपाउने व्यवस्था गर्ने । शिक्षकको सरूवा वैशाख महिनामा मात्र गर्ने प्रणाली स्थापित गर्ने ।

(□) शिक्षक सरूवा स्थानीय तहभित्र सम्बन्धित स्थानीय तहले र अन्तर स्थानीय तह वा जिल्ला सरूवा शिक्षा विकास तथा समन्वय इकाईले गर्ने कानुनी व्यवस्था गर्ने ।

(□) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका व्यक्तिहरूबाट मात्र वढीमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सकिने व्यवस्था गर्ने ।

(□) अध्यापन अनुमति पत्र प्रदानको लागि स्वायत्त शिक्षक परिषद्को व्यवस्था गर्ने ।

(□) शिक्षक जवाफदेहीता अभिवृद्धि गर्ने । जसका लागि विद्यार्थीको सिकाइप्रति जवाफदेही; प्रविधिको उपयोग गर्न सक्षम; प्रविधि मैत्री; शैक्षणिक ज्ञान, सिप र तौरतरिकामा परिवर्तन भइ कक्षाकोठामा

प्रतिविम्वित गर्न सक्षम बनाइ सिकाइमा निरन्तर उत्साहित गर्न प्रत्येक वर्ष क्षमता विकासमा सहभागी हुने व्यवस्था गर्ने ।

(□) सिकाइमा नवीन प्रविधिको खोजी, विकास र प्रयोग गर्न सक्षम; खोजमूलक, अन्तरक्रियात्मक र नवप्रवर्तनात्मक क्रियाकलाप सञ्चालन; मेधावी जनशक्तिको शिक्षण सेवामा आकर्षण वृद्धि, विद्यालय तहमा क्षमता विकासको अवसर दिइ शिक्षण पेसालाई पहिलो रोजाइको पेशा; रोलमोडल, स्वतस्फूर्त रूपमा क्षमता विकासमा सहभागी हुने अवसर प्रदान गर्ने ।

(□) गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि तालिमप्राप्त शिक्षकको व्यवस्था हुनु अनिवार्य सर्तका रूपमा रहेको हुन्छ । विद्यालयमा अध्यापनरत सबै शिक्षकलाई शिक्षणमा आधुनिक शैक्षिक प्रविधिको प्रयोग तथा पाठ्यक्रम अनुसार शिक्षण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा सेवाकालिन तालिम उपलब्ध गराउने व्यवस्था मिलाउने । शिक्षा तालिम केन्द्रको संरचनागत विस्तार गरी शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(□) शिक्षकलाई अनुसन्धानमुखी बनाउन तथा नियमित सिकाइ कार्यमा खोजमूलक बनाउन कक्षाकोठामा आधारित अनुसन्धानको लागि स्थानीय तहबाट शिक्षक प्रोत्साहन अनुदानको व्यवस्था गर्ने ।

(□) शिक्षण सिकाइ प्रक्रियामा इन्टरनेट तथा अन्य सूचना प्रविधिको उपयोग गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न सकिन्छ । सबै विद्यालयमा अनलाइन अफलाइन सुबिधाको व्यवस्था गरी गुणस्तरयुक्त शिक्षाको वातावरण विकासका लागि सबै विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरी शिक्षण सिकाइ कार्यमा प्रविधिको प्रयोगलाई जोड दिने ।

(□) विद्यालयका शिक्षकहरूको बढुवा योग्यता र दक्षताका आधारमा विद्यालय तहको माथिल्लो तह र श्रेणीसम्म हुन सक्ने प्रावधान राख्ने । तहगत बढुवाको प्रावधानसहित शिक्षक बढुवामा चार श्रेणी (तृतीय, द्वितीय, प्रथम र विशिष्ट) को प्रबन्ध गर्ने ।

(□) शिक्षकहरूलाई माथिल्लो तहको अध्ययन, तालिम तथा अन्य अवसरमा सहभागी हुने मापदण्ड विद्यालयको अभिलेख तथा सङ्घीय शिक्षा नियमावलीमा तोकिएको मापदण्डको आधारमा स्थानीय सरकारले पारदर्शी सूचकको आधारमा गर्ने ।

(फ) अवकासप्राप्त शिक्षकहरूको अनुभवको प्रयोग गर्नका लागि प्रतिस्पर्धात्मक क्षमताका आधारमा प्रदेश तथा स्थानीय स्तरमा निवृत्त शिक्षकहरूको रोष्टर तयार गर्ने र उक्त सूचीबाट प्रदेश तथा स्थानीय तहमा शिक्षासम्बन्धी कार्यमा परामर्श, अध्ययन अनुसन्धान, तालिम तथा अनुगमनमा उपयोग गर्ने ।

Edupatra.com

(ब) स्थानीय तहमा विषयगत शिक्षकहरूको समूह गठन गरी हरेक महिनामा एक पटक अन्तरक्रिया गर्ने व्यवस्था गर्ने ।

(भ) सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित (blended), अनलाईन तथा भर्चुअल पद्धतिका तालिम सञ्चालन गर्ने।

(म) कक्षा कोठामा विशेष क्षमता प्रदर्शन गर्ने र विद्यार्थीहरूमा उच्च सिकाइ उपलब्धि हासिल गराउने शिक्षकहरूलाई प्रोत्साहित गर्ने ।

(य) आवश्यकता र समय अनुकुल शिक्षणमा व्यावसायिक बन्न र अद्यावधिक हुन नचाहने शिक्षकलाई पेशा बदल्न र थप सुविधासहित बहिर्गमन हुन प्रोत्साहित गर्दै शिक्षण पेसामा नयाँ मेधावी शिक्षक प्रवेशमा बाटो खुला गर्ने। (विद्यार्थीको आवश्यकताभन्दा पनि शिक्षकको रुची, क्षमता र इच्छा अनुसारको सामग्री र प्रविधिको प्रयोग, विषयको पठनपाठनमा सहभागी हुनुपर्ने बाध्यताको अन्त्य गर्न । )

(र) तालिम प्राप्त शिक्षकको सेवा प्रवेशको सुनिश्चित गर्दै शिक्षकको पेशागत विकास (शिक्षक तालिम)को लागि सम्बन्धित विद्यालयलाई र सम्बन्धित शिक्षकलाई जिम्मेवार बनाउने । (सरकारले लगानी र व्यस्थापन गर्दै, भत्ता दिँदै, तालिम लिए बापत बढुवामा नम्बर थप्दै शिक्षक तालिम प्रदान गर्ने काम क्रमशः बन्द गरी शिक्षक स्वयम् र विद्यालयले लगानी गरी निजी वा अर्धसरकारी निकायबाट तोकिएको मापदण्ड र गुणस्तरका तालिम लिने व्यवस्था गर्ने, गुणस्तरको जिम्मेवार शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई नै बनाउने, प्रक्रिया (तालिम) मा पुरस्कृत गर्ने भन्दा नतिजा (सिकाई स्तर वृद्धि) आएपछि शिक्षकलाई पुरस्कृत गर्ने प्रणाली स्थापित गर्ने।)

Edupatra.com

(ल) आधारभूत तहको लागि अलग प्रधानाध्यापक वा माध्यमिक तहमा सञ्चालित आधारभूत कक्षाका लागि आधारभूत तहको इन्चार्ज व्यवस्था गर्ने । माध्यमिक तहका सहायक प्रधानाध्यापकको व्यवस्था गर्ने । प्रधानाध्यापकको निमित्त व्यवस्थापकीय र शैक्षिक नेतृत्व लिन सक्ने व्यक्ति प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा शिक्षक सेवा आयोगबाट छनोट गर्ने व्यवस्था गर्ने । प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण जिम्मेवारी दिइ अधिकार सम्पन्न गर्ने र प्रतिफलका आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गर्ने ।

(व) विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीको लागि पेसागत आचारसंहिता निर्माण गरी सोही अनुसार काम भए नभएको अनुगमन गर्ने ।

(श) शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेहि बनाउने । प्रधानाध्यापक सिकाइका लागि विद्यार्थी र अभिभावक तथा व्यवस्थापन र सिकाइ दुवैका लागि स्थानीय सरकार प्रति जवाफदेही हुने व्यवस्था गर्ने ।

### ३.४.३. पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्री

पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्रीको अन्योन्याश्रित सम्बन्धले सिकाइलाई प्रभावकारी बनाउँछ । शिक्षण सिकाइलाई बालमैत्री र प्रभावकारी बनाउन विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्थापन हुनु पर्दछ । यसका लागि सबै विद्यालयमा पाठ्यक्रमसम्वद्ध तथा अन्य शैक्षिक सामग्री पर्याप्त मात्रामा व्यवस्था हुनु पर्दछ । सबै विद्यालयमा श्रव्य/श्रव्यदृष्य सामग्री, विज्ञान प्रयोगशाला लगायतको सुबिधा उपलब्ध हुनु पर्दछ । विद्यालय शिक्षाको सुधारको लागि गुणस्तरीय पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्रीको प्रभावकारी व्यवस्थापन गर्नु पर्ने कुराहरू निम्नानुसार रहेका छन् ।

Edupatra.com

**(□)** पाठ्यक्रमको अद्यावधिक एवम् परिमार्जन नियमित गर्ने र प्रयोग तहसम्म प्रवोधीकरण विज्ञसमेतको सहभागिता रहेको समूहबाट अनिवार्य रूपमा गर्ने।

**(□)** अनुभवी विज्ञ शिक्षकबाट शैक्षिक सामग्री र अभ्यास पुस्तिकाहरू विकास गरी विद्यालयतहमा उपलब्धता र प्रयोगको सुनिश्चितता स्थानीय तहबाट गराउने।

**(□)** पाठ्यक्रमको आधारमा शिक्षकलाई सामग्री विकाससम्मको क्षमता विकासको अवसर र तालिम उपलब्ध गराइ शिक्षक उत्प्रेरणा बढाउने जसका लागि शिक्षक सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

**(□)** पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीले विद्यार्थीलाई खोजमूलक, सिर्जनशील र सिपयुक्त बनाउने गरी स्तरीयरूपमा विकास गर्ने, आधारभूत तहमा स्तरयुक्त, रङ्गीन र निःशुल्क बनाउने तथा माध्यमिक तहमा स्तरयुक्त र निःशुल्क पाठ्यपुस्तकको व्यवस्था मिलाउने ।

**(□)** स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय तहमा क्षमता विकास गर्ने ।

**(□)** हरेक कक्षाकोठामा पुस्तक र शैक्षिक सामग्री राख्न र प्रयोग गर्न मिल्ने गरी सिकाइ कुना र विद्यालयको वातावरण विकास गर्ने ।

**(□)** कक्षागत र तहगत रूपमा शैक्षिक सामग्रीको मापदण्ड र सूची बनाइ पाठ्यक्रममा आधारित शैक्षिक सामग्रीहरूको निर्माणमा शिक्षकलाई सहभागी गराउने ।

(□) शैक्षणिक सामग्री निर्माणमा शिक्षकको क्षमता विकास गर्ने र शिक्षकबाट निर्माण र प्रयोग हुने वातावरण विकास गर्ने ।

(□) कोडिङ् प्रणालीबाट पाठ्य सामग्रीहरूको मूल्याङ्कन गर्ने र गुणस्तरीय बनाउने।

(□) पाठ्यक्रम ढाँचाका आधारमा शिक्षकलाई पाठ्यक्रममा आधारित भई पाठयोजना बनाउने र प्रयोग गर्न सक्ने बनाउने ।

(□) मूल्याङ्कन प्रणालीलाई पाठ्यक्रममा आधारित बनाउने । शिक्षकमा मूल्याङ्कनसम्बन्धी क्षमता विकास गर्ने ।

(□) बहुभाषिक शैक्षिक सामग्री विकास गर्ने । साथै सामग्रीहरूलाई प्रविधियुक्त बनाइ प्रयोगमा ल्याउने ।

(□) सिकाइ एपको विकास गरी शैक्षिक सामग्रीहरू अनलाइन तथा अफलाइनमा हेर्न र प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने ।

(□) कक्षा शिक्षण, बहुकक्षा शिक्षण तथा बहुकक्षा वहुस्तर शिक्षणको लागि उपयुक्त सिकाई सामग्रीको विकास गरी कार्यान्वयन गर्ने र शिक्षकमा उक्त शैक्षणिक व्यवस्थापनसम्बन्धी क्षमता विकास गर्ने ।

(□) अन्तरक्रियात्मक भर्चुअल माध्यमबाट शिक्षकहरूलाई विषय विज्ञ, पाठ्यपुस्तक लेखक तथा शैक्षिक व्यवस्थापकसँग छलफल गर्ने अवसर प्रदान गर्ने ।

Edupatra.com

(□) शैक्षिक सामग्रीको प्रयोगबाटमात्र शिक्षण क्रियाकलाप सञ्चालन गर्ने आदत निर्माण गर्ने ।

(□) विद्यार्थी, शिक्षक, अभिभावकमा पठन संस्कृतिको विकास गर्न पुस्तकालयको स्थापना, विकास र प्रयोगलाई महत्व दिने ।

(□) गुणस्तरयुक्त शिक्षाका लागि सबै विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गरी शिक्षण सिकाइको प्रयोगात्मक पक्षलाई जोड दिने ।

(□) पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, शैक्षिक सामग्री, दैनिक पाठयोजना, शिक्षक डायरी लगायतका सिकाइ सहजीकरणमा आवश्यक पर्ने सामग्रीहरूसहित शिक्षक कक्षामा प्रवेश गर्ने वातावरण स्थानीय तह र विद्यालयले मिलाउने । सोको नियमित नियमन विद्यालयको प्रधानाध्यापकले गर्ने ।

(□) समयमा पाठ्यपुस्तक विद्यालयमा पुऱ्याउन पाठ्यपुस्तक विकास, छपाइ, ढुवानी र वितरणमा संलग्न निकायलाई समयसारणीसहितको कार्यतालिका र कार्यजिम्मेवारी तोकी सोही अनुसार काम गर्न लगाउने र नियमित अनुगमन गर्ने व्यवस्थामार्फत समयमा नै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुऱ्याउन विद्यालय र स्थानीय सरकारलाई जिम्मेवार बनाउने । (समयमा स्कुलमा किताव नपुग्दा अभिभावकले कसलाई समाउने ? जस्तो भयो ।)

(प) कक्षा र उमेर सुहाउँदो शैक्षिक सामग्रीमा विद्यार्थीको पहुँच पुऱ्याउन र कक्षा कोठालाई शैक्षिक संग्राहलय बनाउन विद्याल, अभिभावक र विद्यार्थी बिच साझेदारी गर्ने । (विद्यार्थीको हातमा मन लागे पनि नलागे पनि नपढि नहुने किताब मात्रै पुगे, पढ्न पर्ने र पढ्न मन लाग्ने किताबहरू कम भए र सिकाई कमजोर भयो त्यसैले सबै मिलेर विद्यार्थीको वरिपरि पढन मनलाग्ने खालका धेरै सामग्री पुऱ्याउने काम गर्ने ।)

(फ) शिक्षण सिकाईको क्रममा पाठ्यक्रमलाई मूल सामग्री र पाठ्यपुस्तकलाई सहायक सामग्रीको रुपमा प्रयोग गर्ने । ( शिक्षकले पाठ्यक्रम कमै पाएन, किताब हेरेर पढाए, के को लागि कितावको त्यो पाठ पढाएको थाहा नभै नभै अगाडि वढे जस्तो भयो ।)

### ३.४.४. अनुगमन, परीक्षा र मूल्याङ्कन

अनुगमन र नतिजाको प्रत्यक्ष समानुपातिक सम्बन्ध हुन्छ । अनुगमन जति कार्यमूलक र वलियो बन्यो स्रोत साधनको सही प्रयोग हुने दर बढ्छ नै । सिकाइमा अनुगमनबाट नै परीक्षा र मूल्याङ्कन मापनीय र विश्वसनीय बन्छ । निम्नानुसारको तरिकाबाट विद्यालय शिक्षामा अनुगमन, परीक्षा र मूल्याङ्कन बलियो बनाउन सकिन्छ ।

Edupatra.com

(□) विद्यालयमा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्ने र सोको लागि आवश्यक व्यवस्था स्थानीय तहले गर्ने ।

(□) प्रधानाध्यापक र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूबाट सुधारमुखी अनुगमन नियमित गर्ने ।

(□) अनुगमनमा अभिभावकको संलग्न बढाउने ।

(□) अनुगमनमा प्रविधिको प्रयोग गर्ने र विद्यालयको समग्र पक्षको अनुगमन प्रविधिबाट हुन सक्ने व्यवस्था मिलाउने ।

(□) अनुगमनलाई कार्यक्रम सञ्चालनको अभिन्न अङ्गको रूपमा लिइ अनुगमनलाई प्रमाण र तथ्याङ्कमा आधारित बनाउने ।

(□) स्थानीय तहका पदाधिकारीहरू तथा विज्ञ समूहबाट विद्यालय अनुगमन हुने व्यवस्था स्थानीय तहले मिलाउने र अनुगमन प्रतिवेदनका आधारमा निर्णय प्रक्रियामा प्राप्त सूचना प्रयोग गर्ने स्वचालित प्रणाली बनाउने । साथै स्रोत साधनको उपलब्धतासँग जोड्ने ।

(□) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन गर्न संयन्त्र, साधन र प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने ।

(□) शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई विद्यालयस्तरीय, स्थानीय तहस्तरीय, प्रदेशस्तरीय र राष्ट्रिय बनाउन एकीकृत पद्धति स्थापना गर्ने।

(□) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।

(□) अनुसन्धानमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने । तहगत जिम्मेवारी बाँडफाँड गर्ने।

(□) अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक तथा सहभागितामूलक बनाउने।

(□) कक्षाकोठाको सिकाईको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने ।

(□) शैक्षिक गुणस्तरमा सुधार ल्याउन हरेक क्षेत्रको सुक्ष्म अनुगमन गर्ने गरी संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।

(□) तहगत रूपमा अनुगमन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने ।

(□) विद्यालय शिक्षामा विद्यार्थी मूल्याङ्कनको राष्ट्रिय ढाँचा र परीक्षाको मापदण्ड तयार गर्ने । सोको आधारमा आधारभूत तहको अन्तमा स्थानीय तह स्तरीय, माध्यमिक तह (कक्षा १० ) को अन्तमा प्रदेश स्तरीय, माध्यमिक तह कक्षा-१२ को अन्तमा राष्ट्रियस्तरीय र अन्य कक्षाका परीक्षाहरू विद्यालयस्तरमा सञ्चालन गर्ने ।

Edupatra.com

(□) सिकाइसँगै मूल्याङ्कन र सिकाइको लागि मूल्याङ्नमा गर्ने पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने ।

(□) शैक्षिक संस्थामा नियमित परीक्षा सञ्चालन गरी वैयक्तिक रूपमा सुधारात्मक परामर्श तथा पृष्ठपोषण सेवा प्रदान गरी नतिजामा सुधार ल्याउने व्यवस्था गर्ने।

(□) स्तरयुक्त प्रश्नपत्रबाट मूल्याङ्कन गर्ने । प्रश्नपत्र बैकको निर्माण गर्ने । स्तरयुक्त परीक्षाको लागि जनशक्ति विकासमा जोड दिने ।

(□) केही विषयमा खुला किताव परीक्षा प्रणालीको प्रयोगमा ल्याउने र मूल्याङ्कनलाई प्रयोगात्मक तथा परियोजनामा आधारित बनाई व्यवहारिक बनाउने ।

(न) सबै प्रकारका परीक्षाको नतिजा विश्लेषण गरी सिकाई सुधारमा प्रयोग गर्ने ।

(प) विद्यार्थी उपलब्धि परीक्षण आवधिक रूपमा गर्ने र मूल्याङ्कनमा प्रविधिको प्रयोग गर्ने ।

(फ) शिक्षण सिकाईमा अनुगमन प्रभावकारी बनाउन शिक्षकद्वारा स्वःअनुगमन प्रणालीलाई प्रोत्साहित गर्ने । (शिक्षण सिकाईको प्रभावकारीता बाह्य निरीक्षकको अनुगमन र अनुहारमा नभई विद्यार्थीको अनुहारमा खोज्ने वानी गरी कक्षामा पढाउँदा विद्यार्थी खुसी बनाउन सके आफु अब्बल र सफल,

नसके असफल भएको शिक्षकले ठान्ने प्रणाली विकास गरी बाह्य निरीक्षकले गरेको अनुगमन तथा पृष्ठपोषणलाई शैक्षणिक सिकाइमा सहायक र गौण मात्र तयार पार्ने ।)

(ब) विद्यार्थीको सिकाई गुणस्तर सुधार गर्न निर्णयात्मकभन्दा निर्माणात्मक मूल्याङ्कनमा जोड, सैद्धान्तिक भन्दा प्रयोगात्मक पक्षको मूल्याङ्कनलाई प्राथमिकता दिने ।

(भ) मूल्याङ्कन र स्वःमूल्याङ्कनलाई शिक्षण सिकाईको अभिन्न अङ्गको रुपमा पूनर्परिभाषित र स्थापित गर्ने । (परीक्षा पश्चात विद्यार्थीको नतिजा विश्लेषण र अभिभावकसँग छलफल गरी उत्तरपुस्तिका सम्बन्धित विद्यार्थीको हातमा दिने व्यवस्था गरी सिकाइलाई पुनरावलोकन गर्न लगाउने ।)

(म) छायाँ शिक्षाका रूपमा सञ्चालित ब्रिज कोर्स, ट्युसन सेन्टर, कोचिङ सेन्टर तथा नियमन र व्यवस्थापन सङ्घीय सरकारको मापदण्डमा रहेर स्थानीय तहबाट गर्ने र शैक्षिक परामर्श प्रदायक संस्थाहरूको नियमन प्रदेश सरकारबाट हुने व्यवस्था मिलाउने ।

### ३.४.५. शैक्षिक सुशासन

Edupatra.com

सुशासन ऐन, २०६४ र सुशासन नियमावली, २०६५ ले नेपालको सार्वजनिक प्रशासनलाई विकेन्द्रित, नतिजामूलक, सूचनामूलक, मूल्यमा आधारित, भ्रष्टाचाररहित, समतामा आधारित जस्ता पक्षमा जोड दिँदै सार्वजनिक सुनुवाइ, सूचनाको हकको सुनिश्चिता, उपभोक्ता सर्वेक्षण, क्षतिपूर्तिसहितको नागरिक बडापत्र, गुनासो सुनुवाइ आदिमा जोड दिएको छ । शिक्षा क्षेत्रमा संवैधानिक व्यवस्था, शिक्षासम्बद्ध ऐन नियमहरू, विभिन्न समिति वोर्डहरूमा रहने पदाधिकारीहरूको योग्यता, सेवासर्त तथा जनशक्तिको पदीय आचरणसम्बन्धी व्यवस्था लगायत पालना गर्नु पर्ने आचारसंहिता र दण्ड सजायका विषयहरूबाट शैक्षिक सुशासनको प्रयास गरिएको पाइन्छ । शैक्षिक क्लालेन्डर, जनशक्ति छनोट समिति, वार्षिक प्रतिवेदन तथा लेखा र सामाजिक परीक्षणमार्फत शैक्षिक सुशासन कायम गर्न खोजिएको छ । शैक्षिक सुशासनले नै शिक्षामा गरिएको लगानीको सही प्रतिफल दिन सक्छ । सुशासनको न्यून अवस्थाले कमजोर व्यवस्थापन मात्र नभै शैक्षिक क्षतिमा बढोत्तरी गराउने अवस्था आउँछ जुन समग्र शैक्षिक प्रणालीको लागि अत्यन्त हानिकारक बन्छ। शैक्षिक सुशासनका लागि विविध पक्षहरूलाई सही व्यवस्थापन गर्नु जरूरी छ ।

स्थानीय सरकारले विद्यालय सञ्चालन र व्यवस्थापनमा हुनुपर्ने सुशासनको न्यूनतम सूचक र मापदण्ड निर्माण गरि कार्यान्वयनको लागि स्थानीय सरोकारवालाहरुलाई अभिमुखिकरण, कार्यान्वयन गर्न सहजीकरण र उक्त सूचक र मापदण्डको आधारमा अनुगमन, पृष्ठपोषण, पुरस्कृत, सम्मान तथा सहयोग गर्ने ।

शिक्षा नीति, ऐन, नियमावली, सरकारको निर्देशन, निर्णयहरु कार्यान्वयन गरी विद्यालयमा सुशासन कायम गर्नको लागि नतिजामा आधारित भएर स्थानीय सरकार र विद्यालय व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक, प्रधानाध्यापक र शिक्षकबिच कार्यसम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने ।

**क) निजी विद्यालय व्यवस्थापन**

वालविकासदेखि कक्षा १२ सम्म विद्यमान ऐन नियमबमोजिम नै निजी क्षेत्रको लगानीमा निजी विद्यालयहरू सञ्चालनमा आएका छन् । सन्ततीको शिक्षामा बढी लगानी गर्न चाहनेको अपेक्षाअनुसार शिक्षा दिने बाटोमा अग्रसर छन् । कम्पनीमा दर्ता गर्ने प्रावधानले विना नक्साङ्कन सेवाभन्दा लाभबाट निर्देशित भई निजी लगानीकर्ताको केन्द्र बनेको अवस्थासमेत देखिन्छ । कमजोर नियमनले गर्दा सबै निजी विद्यालयहरूमा तोकिएका प्रावधानहरूको पालना बलियो देखिदैन । कम्पनी, गुठी जेसुकैको रूपमा दर्ता भई सञ्चालनमा आएता पनि नाफाको लागि हुन भनी एउटै डालोमा राखेको परिवेश देखिन्छ । गुणस्तरीय शिक्षा दिन्छन् भन्ने विश्वास आर्जन गरेको भएता पनि निजी विद्यालयहरूले शिक्षामा व्यापारीकरण गर्न, वर्गीय शिक्षा संस्थागत गर्न, विद्यार्थीलाई धोक्ने र विदेश पलायन गराउन उत्प्रेरित गरेको जस्ता आरोपबाट छुटकारा पाउन सकेका छैनन् ।राष्ट्रभित्र शैक्षिक वातावरण निर्माण गर्न सहयोगी भूमिका खेली पुँजी पलायनलाई रोकेको, समाजको सामाजिक आर्थिक विविधतालाई प्रयोग गरेको, रोजगारी सिर्जना गरेको, सामुदायिक विद्यालयमा हुने विद्यार्थी चापलाई न्यून गरेको अवस्थामा नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताको व्यवस्थाले गर्दा निजी र सार्वजनिक विद्यालयबिच एक अर्काको पूरक बनी सहकार्यलाई संस्थागत गर्नु अवको बाटो देखिन्छ । नेपालको संविधानले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिएको छ ।

edupatra.com

निजी विद्यालयहरूको नियमन तथा व्यवस्थापनमा देहायका कुराहरू गरी शैक्षिक सुशासनमा जोड दिइनेछ :

(□) स्थानीय सरकारले निजी विद्यालयको शुल्क निर्धारण गर्ने जहाँ आधारभूत शुल्क (basic fee) तथा थप सुविधाका लागि थप शुल्क (premium fee) को व्यवस्था गर्ने । कार्यरत शिक्षक तथा कर्मचारीको सेवा सुविधाको मानक तोकी लगानीकर्ताको मुनाफा र व्यवस्थापन खर्च अनुपात तय गर्ने ।(७०:२०:१०)

(□) स्थानीय सरकारले उपलब्ध गराएका विपन्न वालबालिका, मेधावी, दलित र अपाङ्गता भएका वालबालिकालाई विद्यालयको सामाजिक दायित्वअन्तर्गत निःशुल्क पठनपाठन गराउने ।

(□) स्थानीय सरकारले आवश्यकता ठानेको र मानव विकास सूचकाङ्कमा पछि परेको वस्तीमा निजी विद्यालय विस्तार गर्ने लगानीकर्तालाई स्थानीय तहले प्रति विद्यार्थी लागत भउचर, भौतिक पूर्वाधार निर्माण तथा विकासका लागि सहुलियतपूर्ण ऋण र निश्चित समयको लागि जग्गा भाडामा दिन सक्ने व्यवस्था गर्ने ।

(□) विद्यालयको नक्साङ्कन तथा जोनिङका आधारमा ठुला र आवसीय स्वरूपमा स्थानीय तहले विद्यालयको मिलान गर्ने र मिलानपश्चात बढी हुने विद्यालयका भौतिक संरचनालाई किताबी पुस्तकालय, इ-पुस्तकालय, सामुदायिक सूचना तथा सिकाइ केन्द्र, सिप विकास केन्द्र, छलफल केन्द्र, वाचनालय जस्ता सार्वजनिक उपयोगका रूपमा विस्तार गर्ने ।

(□) सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारी सरह नै तालिममा निजी विद्यालयका शिक्षकलाई समावेश गर्ने व्यवस्था गर्ने ।

(□) सबै प्रकारका निजी विद्यालयहरूको अनुमति, स्वीकृति, नियमन र नियन्त्रण स्थानीय तहले नै गर्ने । सङ्घले नियमन तथा गुणस्तर सुधारका लागि थप मापदण्ड तय गर्न सक्ने व्यवस्था गर्ने ।

Edupatra.com

(□) तोकिएको पाठ्यक्रमको प्रयोग, स्वदेशी नाम अनिवार्य गर्ने र अन्तर्राष्ट्रिय वा प्रतिष्ठान जोड्न चाहेमा १५ प्रतिशत विद्यार्थी अन्तर्राष्ट्रिय विद्यार्थी अध्ययनका लागि भर्ना भएको हुनु पर्ने ।

(□) हाल कम्पनीमा दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरूलाई सेवामूलक निजी वा सामाजिक शैक्षिक गुठीमा दर्ता हुन प्रोत्साहित गरी सञ्चालन हुने व्यवस्था गर्ने ।

(□) निर्धारित शैक्षिक गुणस्तरका सूचकहरूको आधारमा स्थानीय तहले विद्यालयको मूल्याङ्कन गर्ने । शैक्षिक स्तर अपेक्षित दिन नसक्ने विद्यालयलाई स्थानीय तहले नसिहत दिई सूची सार्वजनिक गर्ने ।

(□) निजी र सार्वजनिक विद्यालयबिच साझेदारीमा भौतिक निर्माण, भौतिक सुविधाको प्रयोग, मानवीय पुँजीको विनिमयीक प्रयोग, प्रति विद्यार्थी लागतको भउचर उपयोग, सार्वजनिक विद्यालयमा निजी व्यवस्थापन (चार्टरीकरण) जस्ता प्रबन्धबाट असल र सफल अभ्यासहरू साटासाट गर्ने ।

(□) स्थानीय सरकारले शैक्षिक गुठी अन्तर्गतका र निजी लगानीका विद्यालयमा देहायका कुराहरूको अनिवार्य नियमन गर्ने ।

□. स्थानीय तहले तोकेको शुल्कको कार्यान्वयन।

□. शिक्षक तथा कर्मचारीलाई दिइने तलब सुविधा सार्वजनिक विद्यालयको सरह न्यूनतम हुने ।
□. पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगको अवस्था।
□. न्यूनतम राष्ट्रिय मापदण्ड अनुसारको भौतिक पूर्वाधार र शैक्षिक पूर्वाधार हुने कुरा।
□. आर्थिक कारोबारको पारदर्शिता र वैंकिङ कारोबार भएको कुरा।
□. कानुनअनुसारको विद्यालय व्यवस्थापन समिति गठन र व्यवस्थापनमा रहेको अवस्था ।
□. गुणस्तर र जवाफदेहिताको अवस्था ।

**ख) पारदर्शी, जवाफदेही र सहभागितात्मक प्रणाली विकास**

(□) अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा पूर्ण रूपमा कार्यान्वयन गर्न लक्षित परिवारलाई सहयोग प्याकेज प्रदान गर्ने ।

(□) इच्छुक नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र सीप विकास तालिममा सहज पहुँच सुनिश्चित गर्ने ।

(□) अपाङ्गता भएका बालबालिका प्रति जवाफदेही प्रणालीका लागि आवश्यकता अनुसारको सिकाइ सामग्री जस्तै ब्रेल लिपि तथा साङ्केतिक भाषामा सिकाइको पहुँच स्थापित गर्ने ।

Edupatra.com

(□) कानुनद्वारा निर्दिष्ट दिन र समय विद्यालय खुल्ने र सिकाई हुने व्यवस्था सुनिश्चित गर्न संयन्त्र बनाउने । शैक्षिक क्यालेन्डर, पाठ्यघण्टा कार्यान्वयन गर्ने । तोकिएको समयमा कार्य सम्पन्न गर्ने प्रणाली स्थापना गर्ने ।

(□) शैक्षिक क्यालेन्डर अनुसार समयमा भर्ना, समयमा सिकाइ, समयमा मूल्याङ्कन र समयमा नतिजा सम्पन्न गर्ने ।

(□) विद्यार्थीहरूमा न्यूनतम सिकाई सक्षमता पूरा गर्न विद्यालय र शिक्षकलाई जिम्मेवार बनाउने पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने ।

(□) सामाजिक परीक्षण, लेखापरीक्षण, अभिभावक भेला तोकिएको समयमा गर्ने कानूनी व्यवस्था गर्ने ।

(□) प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र स्थानीय तहको कार्यजिम्मेवारी स्पष्ट रूपमा विभाजन गर्ने ।

(□) विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई अनिवार्य गर्ने ।

(□) शैक्षिक योजना निर्माणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने कानूनी व्यवस्था गर्ने ।

(□) स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने ।

(□) सिकाइमा असर पर्ने तथा कक्षाकोठा खाली रहने गरी शिक्षकलाई अन्य काममा खटाउने प्रचलनको अन्त्य गर्न कानूनी व्यवस्था गर्ने ।

(□) नागरिक वडापत्र, सिकाइ वडापत्र तथा सार्वजनिक सुनुवाईको संयन्त्र अनिवार्य गरी कार्यान्वयन गर्ने । सबै प्रकारका गुनासोको शीघ्र सम्बोधन गर्ने संयन्त्र बनाई कार्यान्वयनमा ल्याउने ।

(□) प्रविधिकोसमेत प्रयोग गरी नियमित विद्यालय आइ आफ्नो बच्चाको सिकाइको बारेमा जानकारी लिने, आफ्नो बच्चालाई नियमित विद्यालय पठाउने तथा बच्चालाई समय दिने अभिभावकलाई सम्मान गर्ने परिपाटीको विकास गर्ने । बालबालिकाको रिपोर्ट कार्ड बनाउने र अभिभावकसँग नियमित संवाद गर्ने ।

(□) शिक्षक कर्मचारीको कार्य विवरण तयार गरी स्पष्ट जिम्मेवारी किटान गर्ने ।

(□) विद्यालय तहमा पूर्व विद्यार्थी समाज, बाल क्लब, स्काउट, जुनियर रेडक्रस, आमा समूह तथा अन्य स्थानीय समूह तथा क्लब गठन गरी परिचालन गर्ने ।

(□) लिड र फिडर विद्यालय तोकी भूमिका स्पष्ट गर्ने । नियमित पृष्ठपोषण उपलब्ध गराउने ।

Edupatra.com

(□) सामुदायिक-सामुदायिक, सामुदायिक-निजी र निजी-निजी विद्यालयहरूबिच साझेदारी गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।

(□) समयानुकूल शिक्षा ऐन तथा नियमावलीमा सुधार, तर्जुमा र कार्यान्वयन गरी नीतिगत र कानुनी जवाफदेहिता अभिवृद्धि गर्ने ।

(□) सङ्घीय इकाइको जवाफदेहिता सहितको कार्यविभाजन गरी तीनवटै तहमा सम्पादन गरिने शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक कानुनी प्रबन्ध गर्ने ।

(प) शिक्षासम्बद्ध हरेक क्षेत्रमा कार्यरत जनशक्तिका लागि आचारसंहिता निर्माण गर्ने र आचारसंहिता अनिवार्य पालना गर्नुपर्ने व्यवस्था गरी पालना नगर्नेलाई सजायँ गर्ने ।

(फ) विद्यालयमा सुशासन कायम गर्नको लागि गाउँ नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लव, सामाजिक परिक्षण समितिको लोकतान्त्रिक विधबाट गठन गर्नुका साथै तथा उक्त समितिहरुलाई क्रियाशिल बनाउने ।

(ब) विद्यालयको सरोकारलाहरुले पालना गर्नुपर्ने आचारसंहिताहरु निर्माण गरी पालनाको लागि प्रोत्साहित गर्ने ।

(भ) विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुशासन सम्बन्धी क्षमता विकास गरी विद्यालय सुशासन कायम गर्नको लागि प्रोत्साहन र सहयोग गर्ने।

(म) प्रत्येक विद्यालयमा विद्युतीय हाजिरी सञ्चालन गरी सुशासन कायम गर्नको लागि प्रोत्साहित गर्ने र शिक्षकको आजको उपस्थिति विवरण बोर्डमा प्रदर्शन गर्ने ।

(य) नियमित रुपमा विद्यालय व्यवस्थापन समितिको बैठक, शिक्षक स्टाफ बैठक, अभिभावकसँगको अन्तरक्रिया आयोजना गर्ने ।

(र) विद्यालयको सबै आम्दानी खर्च अर्धवार्षिक रुपमा सार्वजनिक गरी पारदर्शिता कायम गर्ने ।

### 3.4.6. **गुणस्तरीय सेवा प्रवाह**

**(□)** राष्ट्रिय कितावखाना (शिक्षक) को सेवालाई प्रविधियुक्त बनाइ सेवा सरल, सहज र प्रभावकारी बनाउने ।

**(□)** शिक्षकहरूको नियुक्तिदेखि अवकाससम्मको अभिलेख विद्युतीय माध्यम प्रयोग गरी डिजिटाइजेशन गर्ने र स्वचालित पद्धतिका आधारमा सेवा प्रवाह गर्ने ।

**(□)** विद्यालयदेखिको सेवा प्रवाहमा कम कागज (less paper) बाट कागजरहित (paperless) मा लैजाने ।

**(□)** विद्यार्थीको परिचय नम्बर (identity number) लाई अनलाइन ट्रायकिङ्ग (online tracking) गर्न पद्धति विकास गर्ने । विद्यालय भर्ना समयमा नै रजिष्ट्रेशन नं उपलब्ध गराउने र सोही नम्बर विद्यालय शिक्षाभर प्रयोग गर्ने तथा क्रमशः लिङ्केज उच्च शिक्षामा समेत गराउने ।साथै कक्षा ९ तथा ११ मा रजिष्ट्रेशन गर्ने पद्धति विस्थापित गर्ने ।

**(□)** नागरिकले लिने सेवाका लागि डकुमेन्ट्स बोक्नु पर्ने पद्धति कम गरी अन्तर निकाय समन्वय र अन लाइन सेवा प्रणाली स्थापित गरी सेवा छिटो, सरल र गुणस्तरीय बनाउने ।

**(□)** शिक्षक सेवा आयोगले तयार गरेको मापदण्डको आधारमा विद्यालयका शिक्षक र कर्मचारीको नियुक्ति र बढुवाको सिफारिस गर्न प्रदेश तहमा शिक्षक सेवा आयोगको विस्तार गरी शिक्षक छनोटलाई छिटो छरितो बनाउने ।

**(□)** प्रत्येक आधारभूत विद्यालयमा कम्तीमा खरिदा सरहको एक जना र प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा एक जना खरिदार र एक जना नायब सुव्वा सरहको गरी दुईजना प्रशासनिक सहायक विद्यालय कर्मचारीको दरबन्दिको व्यवस्था गर्ने ।

(□) विद्यालय शिक्षाको सुधारका लागि सम्बन्धित अभिभावकको प्रत्यक्ष सहभागितामा विद्यालयको विकास योजना निर्माण तथा कार्यान्वयनको व्यवस्था गर्ने । यसका लागि विद्यालयको समग्रपक्षको विकासका लागि विद्यालय व्यवस्थापन सिमितिको क्षमता विकास गरी जिम्मेवार बनाउने। शैक्षिक गुणस्तर अभिवृद्धि तथा शैक्षिक सुशासनको पक्षमा शिक्षक अभिभावकको सङ्घको भूमिकालाई स्थापित गर्ने । यसका लागि शिक्षक अभिभावक सङ्घको क्षमता विकास तथा जिम्मेवारी स्पष्ट बनाउने । यी कार्यको प्रभावकारी संयोजनको जिम्मेवारी प्रधानाध्यापकको हुने र प्रधानाध्यापकलाई आवश्यक स्रोत र अधिकार प्रदान गर्ने ।

Edupatra.com

# खण्ड – चार
# सुपरिवेक्षण व्यवस्था

## ४.१. विद्यालय शिक्षामा सुपरिवेक्षणको विद्यमान अवस्था

शिक्षा प्रणालीको प्रभावकारिता तथा शैक्षिक गुणस्तरका लागि सुपरिवेक्षण अनिवार्य र अपरिहार्य सर्त हो । शैक्षिक गुणस्तर कायम गर्न र शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सुपरिवेक्षण र निरीक्षणलाई सँगसँगै लैजाने गरिन्छ । नीति नियमको कमजोर पालना तथा कक्षाकोठाको सिकाइ प्रभावकारी नहुनु निरीक्षण र सुपरिवेक्षणको फितलोपन पनि एक हो । नेपालको संविधानले निरीक्षण र सुपरिवेक्षणको मुख्य जिम्मेवारी स्थानीय तहलाई विन्यास गरेको अवस्थामा सुपरिवेक्षणलाई बलियो बनाउन र शैक्षिक सुशासन कायम गर्न सहकार्यात्मक नमूना निर्धारण गर्नु अनिवार्य देखिन्छ । नेपालमा शैक्षिक सुपरिवेक्षणको प्रारम्भ दरबार स्कुलका पहिला सुपरिवेक्षक मिस्टर रोस नियुक्त भएपश्चात सुरू भएको हो। राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयनसँगै प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका लागि वेग्लावेग्लै निरीक्षकको व्यवस्था गरी निरीक्षण पद्धतिलाई संस्थागत गरेको पाइन्छ । सेती परियोजना, प्राथमिक शिक्षा परियोजना लगायतका परियोजनाले स्रोत केन्द्र र स्रोत व्यक्तिको अवधारणा अघि ल्याइ सुपरिवेक्षणलाई संस्थागत गरेको थियो । विगतमा १०५३ स्रोतकेन्द्र, २९ वटा शैक्षिक तालिम केन्द्र र ४६ वटा अगुवा स्रोतकेन्द्रमार्फत शिक्षकको पेशागत विकास तथा सहयोग हुँदै आएकोमा सङ्घीयता कार्यान्वयनसँगै उक्त प्रावधान हटेको छ । शिक्षकको निरन्तर पेशागत विकास तथा शिक्षण सिकाइ प्रक्रियामा सघाउन पुर्‍याउन सुदृढ शिक्षक सहयोग प्रणालीको स्थापना गर्न अपरिहार्य भएको छ । शिक्षा ऐन तथा नियमावलीले प्रधानाध्यापकलाई शिक्षकको पठनपाठनको रेखदेख र निरीक्षण गर्ने अधिकार दिएको छ । विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तर कायम गर्न शिक्षक अभिभावक सङ्घको स्थापना गर्ने कुरा शिक्षा ऐनमा उल्लेख गरिएको छ । शैक्षिक सुशासन प्रवर्धन, विद्यालयको व्यवस्थापन र सिकाइ क्रियाकलाप सुधार गर्ने गरी सुपरिवेक्षणको दायित्व पनि विद्यालय व्यवस्थापन समितिबाट प्रभावकारी रूपमा निर्वाह हुन सकेको पाइदैन । जनशक्ति र पर्याप्त स्रोत साधन तथा क्षमताको अभावका कारण स्थानीय तहबाट विद्यालय सुपरिवेक्षणको कार्य हुन सकेको छैन भने सङ्घबाट स्थानीय तहको कार्य जिम्मेवारी भनी पछि हटेको आभास विद्यालय सुपरिवेक्षणको अभावबाट स्पष्ट देखिएको छ ।

Edupatra.com

## 4.2. विद्यालय शिक्षाको सुपरिवेक्षणका समस्या र चुनौतीहरू

### 4.2.1. नीतिगत

(□) विद्यालय शिक्षाको जिम्मेवारी संविधानतः स्थानीय तहको रहेको सन्दर्भमा नयाँ सङ्गठन संरचनामा सुपरिवेक्षणको उपयुक्त संरचना र मोडालिटी तयार गर्नु ।

(□) सुपरिवेक्षणका लागि जनशक्तिको विकास र प्रयोग गर्नु तथा अन्तर तह समन्वयलाई बलियो बनाइ नतिजामुखी सुपरिवेक्षण प्रणाली विकास गर्नु ।

### 4.2.2. कानुनी

(□) शिक्षकलाई पेसागत उन्नयनमा परिचालित गर्नु, आत्ममूल्याङ्कन गर्नु, सिकाइमा नवीनता खोजी गर्नु र मागमा आधारित बनाउनु ।

(□) शिक्षकलाई स्वनिर्देशित, स्वनियन्त्रित र स्वपरिचालित गर्ने आचार संहिता निर्माण र कार्यान्वयत तथा नतिजासँग वृत्तिविकासलाई जोडी विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउनु ।

### 4.2.3. कार्यक्रमगत

(□) सुपरिवेक्षण प्रणालीबाट शिक्षकको पेसागत विकास र सहयोगको मार्गमा कार्यक्रम दिनु ।

(□) प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सुपरिवेक्षण कार्यमा परिचालित हुने क्षमता विकास गर्नु र परिचालन गर्नु ।

(□) सुपरिवेक्षणमा विद्यार्थी, अभिभावक र नागरिकको सहभागिता सुनिश्चित गर्नु।

Edupatra.com

### 4.2.4. व्यवहारिक

(□) सुपरिवेक्षण विद्यालयमा आधारित हुने कि बाहिरी नियन्त्रणमा आधारित भन्ने स्पष्ट गर्नु ।

(□) उपलब्ध जनशक्तिको क्षमताबाट शिक्षकलाई पेसागत सहयोग पुग्ने गरी सुपरिवेक्षण गर्नु ।

## 4.3. प्रभावकारी सुपरिवेक्षणका लागि गरिनु पर्ने सुधारहरू

विद्यालय शिक्षाको सुधारका लागि सुपरिवेक्षण अन्तर्गत गरिने कार्य निम्नानुसार छन् :

(□) अनुगमन तथा निरीक्षणमा सूचना प्रविधिको प्रयोग गर्ने । यसका लागि भौगोलिक सूचना प्रणाली (geographic information system) मा आधारित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन एप्स विकास गरी प्रयोगमा ल्याउने ।

(□) विद्यालयहरूलाई सङ्ख्यात्मक र भौगोलिक आधारमा क्लष्टर (cluster) मा समूहीकृत गर्ने । हरेक क्लष्टरमा एक जना कम्तिमा माध्यमिक तहको शिक्षक सरहको शैक्षिक सुपरिवेक्षक राख्ने र कक्षाकोठाको सिकाइ अवलोकनदेखि

विद्यालयको समग्र अनलाइन अफलाइन रिपोटिङ्को लागि जिम्मेवार बनाउने । हरेक स्थानीय तह, जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ र विद्यालयबिचको समन्वय केन्द्रले गर्ने । आवश्यक सहजीकरण र आवश्कयतानुसार सहयोग, सल्लाह र क्षमता विकास केन्द्रले दिने ।

(□) सुपरिवेक्षणको लागि क्लष्टरगत जनशक्ति तथा स्थानीय तहगत रूपमा विषय विज्ञ समूहको व्यवस्था गर्ने । जनशक्तिको क्षमता विकास गरी साधन स्रोत, सुविधा तथा अवसर प्रयोग गर्ने ।

(□) शैक्षिक सुपरिवेक्षकलाई प्राविधिक कार्य गर्ने, स्थानीय तहमा विकास गरिएको विषय विज्ञ समूहमा रहने विषयगत मास्टर टीचर परिचालन गरी शिक्षणमा सहयोग गर्ने ( कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन, शिक्षकसँग सहशिक्षण र सहकार्य, अनुसन्धान तथा शिक्षण सुधार योजनाको कार्यान्वयन ) तथा अनुसन्धान गर्ने जिम्मेवारी निर्धारण गर्ने ।

(□) विषय विज्ञ समूहमा रहने मास्टर टीचरले मेन्टरको जिन्मेवारी लिन माध्यमिक तहमा विषय शिक्षणको कम्तिमा ७ वर्षको अनुभव भएका शिक्षकहरूबाट तोकिएको सर्त पुरा गर्नेलाई शिक्षण विज्ञताको प्रमाण पत्रसहित नयाँ शिक्षकको मेन्टरका साथै शिक्षकको पेसागत दक्षता र सहयोगका काममा परिचालन गर्ने ।

(□) विषय विज्ञ समूहमा रहने मास्टर टीचरका लागि शिक्षकको स्वमूल्याङ्कन, उसको सुपरिवेक्षकको प्रतिवेदन, शिक्षण गरेको विषयमा विद्यार्थी सिकाइ उपलब्धि, पेसागत ज्ञान र सिप तथा विषयगत ज्ञान र शिक्षण कलामा प्रदर्शन गरेको क्षमताका आधारमा छनोट हुने स्पष्ट मापदण्ड सङ्घले बनाउने र स्थानीय तहमार्फत कार्यान्वयन गर्ने ।

(□) हरेक क्लष्टरमा रहने शैक्षिक सुपरिवेक्षक करारमा नियुक्ति स्थानीय तहले गर्ने । सङ्घले छनोटको स्पष्ट मापदण्ड र प्रक्रिया तय गरिदिने र स्थानीय तहबाट छनोट गर्ने। शैक्षिक सुपरिवेक्षकको कार्यसम्पादनको आधारमा निरन्तरता दिने नदिने व्यवस्था गर्ने जसका लागि शिक्षा तालिम केन्द्रको सिफारिसको आधारमा स्थानीय तहलाई जिम्मेवारी दिने र सोको स्पष्ट मापदण्ड केन्द्रले बनाउने । स्थायी शिक्षक सुपरिवेक्षकमा छनोट भएमा त्यस्तो स्थानमा करारमा जनशक्ति व्यवस्थापन स्थानीय तहले गर्ने । शैक्षिक सुपरिवेक्षकको क्षमता विकास शिक्षा तालिम केन्द्रबाट हुने व्यवस्था मिलाउने ।

(□) क्लष्टरगत सुपरिवेक्षकको योजना स्वीकृत गर्ने, निजको मूल्याङ्कन गर्ने र सुपरिवेक्षण प्रतिवेदनको कार्यान्वयन पहिलो जिम्मेवारी स्थानीय तहलाई दिने । सुपरिवेक्षकको कार्यसम्पादन मूल्याङ्कनको प्रमुख आधार प्रमाणमा आधारित बार्षिक सुपरिवेक्षण प्रतिवेदनलाई बनाउने । सो प्रतिवेदन शिक्षा तालिम केन्द्रमा समेत अनिवार्य बुझाउनु पर्ने व्यवस्था गर्ने ।

(□) शैक्षिक सुपरिवेक्षकको न्यूनतम योग्यता स्नातकोत्तर कायम गरी शिक्षा प्रशासन र सुपरिवेक्षणसम्बन्धी तालिम अनिवार्य गर्ने । सुपरिवेक्षको काम, कर्तव्य र अधिकार स्थानीय शिक्षा ऐन तथा नियमावलीमा नै स्पष्ट पार्ने ।

(□) शैक्षिक सुपरिवेक्षकको कामको नियमित अनुगमन स्थानीय तहले साथै प्रदेशको शिक्षा तालिम केन्द्रले गर्ने ।

Edupatra.com

(□) शैक्षिक सुपरिवेक्षकको स्थानीय तहमा समन्वय स्थानीय तहले, जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइले र प्रदेश तहमा शिक्षा तालिम केन्द्रले गर्ने व्यवस्था मिलाउने।

(□) माध्यमिक विद्यालयहरूमा प्रधानाध्यापकको वेग्लै पद सिर्जना गरी शिक्षक सेवा आयोगबाट छनोट भएका आधारमा स्थानीय तहले प्रधानाध्यापकको नियुक्ति गर्ने र विद्यालयमा आधारित सुपरिवेक्षणको लागि जिम्मेवार बनाउने ।

(□) विद्यालयलाई प्रविधियुक्त बनाइ प्रविधिको प्रयोग गरी विद्यालयको कक्षा सिकाइसमेत प्रधानाध्यापकले आफ्नै कार्यकक्षबाट सुपरिवेक्षण गर्न सक्ने व्यवस्था मिलाउने ।

(□) शैक्षिक सुपरिवेक्षण र तथ्याङ्कमा आधारित प्रतिवेदनका लागि सुपरिवेक्षकबाट तथा विद्यालयको प्रशासनिक प्रकारको निगरानी स्थानीय तहको शिक्षा एकाइले र स्थानीय जनप्रतिनिधिसमेतले गर्ने व्यवस्था मिलाउने ।

(□) हरेक स्थानीय तहमा सुक्ष्म प्रशासनिक निरीक्षणको लागि स्थानीय तहको शिक्षा हेर्ने प्रमुखको संयोजकत्वमा सम्बन्धित क्षेत्रका विज्ञसमेतको सहभागिता रहने संयन्त्र बनाइ नियमित अनुगमन निरीक्षणलाई थप टेवा दिने व्यवस्था गर्ने ।

(□) मागमा आधारित शैक्षिक सुपरिवेक्षणको व्यवस्था गर्ने र शिक्षकको कार्यसम्पादनसँग विद्यार्थीको सिकाइ उपलब्धि र शैक्षिक क्रियाकलापलाई जोडी सुपरिवेक्षक, विद्यार्थी र प्रधानाध्यापक प्रति जवाफदेही बनाउने ।

(□) नवप्रवेशी शिक्षकको सिकाइमा सुधार ल्याउन र सुपरिवेक्षणका लागि शैक्षिक सुपरिवेक्षक र विषय विज्ञ समूहमा रहने मास्टर टीचरलाई परिचालित गर्ने।

(□) वार्षिक रूपमा स्थानीय तहमा प्रधानाध्यापकले वुझाउने शैक्षिक प्रतिवेदनलाई प्रधानाध्यापकको मूल्याङ्कनको प्रमुख आधार बनाउने ।

(□) विद्यालयको कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको स्तर निर्धारण परीक्षा सञ्चालन गर्ने निकायले अनिवार्य रूपमा नतिजा लिएर विद्यालय छलफल तथा अन्तरक्रिया गर्ने व्यवस्था गर्ने ।

(□) स्थानीय सरकारका प्रमुख तथा उपप्रमुखबाट वर्षमा कम्तीमा एक पटक, वडाध्यक्षले आफ्नो वडामा कम्तीमा महिनामा एक पटक, शिक्षा शाखाले वर्षमा कम्तीमा तीन पटक र शिक्षाका अन्य निकायले शैक्षिक सत्रको प्रारम्भमा, मध्यमा र अन्त्यमा एक पटक सबै विद्यालयको अनुगमन गरी कार्यप्रगति र क्रियाकलापको अनुगमन गर्ने अनिवार्य व्यवस्था स्थानीय तहले मिलाउने ।

Edupatra.com

# खण्ड – पाँच
# विविध

## ५.१. सङ्घीय इकाइको भूमिका

### 5.1.1. सङ्घको भूमिका

(□) राष्ट्रिय नीति, कानून, मापदण्ड तर्जुमा गर्ने र कार्यान्वयनमा समन्वय गरी प्रभावकारी नियमन, निर्देशन गर्ने ।

(□) शिक्षक तथा कर्मचारीको न्यूनतम सेवा, शर्त, सुविधा, योग्यता र सक्षमता तथा क्षमता विकाससम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने ।

(□) राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

(□) राष्ट्रिय शैक्षिक गुणस्तर मानक निर्धारण गर्ने ।

(□) केन्द्रीय एकीकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्ने ।

(□) विद्यार्थी मूल्याङ्कन तथा परीक्षाको राष्ट्रिय मापदण्ड निर्माण गर्ने ।

(□) राष्ट्रिय उपलब्धि परीक्षण सञ्चालन गर्ने र प्राप्त प्रतिवेदनलाई कार्यान्वयनमा जाने व्यवस्था मिलाउने ।

(□) शैक्षिक योग्यताको समकक्षता निर्धारण मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।

(□) प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा नियमन तथा सहजीकरण गर्ने ।

(□) शैक्षिक योजना तथा कार्यक्रमहरू निर्माण तथा कार्यान्वयनमा सहजीकरण र समन्वय गर्ने

(□) राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यपुस्तक एवम् पाठ्यसामग्रीको विकास र कार्यान्वयनमा सहजीकरण गर्ने । स्थानीय पाठ्यक्रम विकासमा सहयोग र परामर्श प्रदान गर्ने।

(□) आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने।

(□) कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।

(□) स्तरीकृत परीक्षा सञ्चालनको लागि सहजीकरण तथा क्षमता विकास गराउने काम गर्ने ।

(□) अनुसन्धानात्मक कार्यहरू गर्ने र गुणस्तर अभिवृद्धिमा प्राप्तिलाई प्रयोग गर्ने ।

(□) प्रदेश र स्थानीय तहलाई शैक्षिक निर्देशन तथा नियमित नियमन गर्ने ।

Edupatra.com

### ५.१.२. प्रदेश तहको भूमिका

(□) शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेश तहको शिक्षासम्बन्धी कानून, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन गर्ने।

(□) विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन गर्ने ।

(□) राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधिनमा रही पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण गर्ने ।

(□) स्थानीय तह, संघीय सरकारका साथै विभिन्न निकायहरूसँग समन्वय गर्ने ।

(□) प्रदेशस्तरीय एकीकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्ने ।

(□) विद्यालय तहका शिक्षकहरूको पेसागत विकास तथा तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमन सम्बन्धी कार्य कार्यान्वयनमा सहजीकरण गर्ने ।

(□) विशेष शिक्षासम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने ।

(□) माध्यमिक शिक्षा परीक्षा कक्षा १०) को सञ्चालन र व्यवस्थापन गर्ने ।

(□) शैक्षिक परामर्श प्रदायक संस्थाहरूको नियमन र व्यवस्थापन ।

edupatra.com

### ५.१.३. स्थानीय तहको भूमिका

(□) कानून निर्माण, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं अनुमति, सञ्चालन र व्यवस्थापन (प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ, खुला तथा दूर शिक्षा , निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र, अभिभावक शिक्षा ) सम्बन्धी कार्य गर्ने ।

(□) मातृभाषामा शिक्षा प्रदानसम्बन्धी आवश्यक प्रवन्ध गर्ने ।

(□) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(□) स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने । पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन ।

(□) विद्यालयस्तरीय निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने।

(□) छात्रवृत्ति वितरण, दिवा खाजा व्यवस्थापन, सेनेटरी प्याड वितरणलाई प्रभावकारी बनाउने ।

(□) परीक्षा तथा मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रूपमा उपयोग गराउने।

(□) सङ्घीय शिक्षा ऐन नियमावलीले तोकेको मापदण्ड अनुसार गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन गर्ने ।
(□) सङ्घले बनाएको मापदण्ड तथा कार्यविधिबमोजिम सामुदायिक विद्यालयको दरबन्दी मिलान गर्ने ।
(□) विद्यालय नक्साङ्कन गरी समायोजन, स्तरवृद्धिमा प्रयोग गर्ने ।
(□) विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण सम्बन्धी कार्य गर्ने ।
(□) विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण गर्ने गराउने।शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार गर्ने ।
(□) विद्यालयको गुणस्तर अभिवृद्धिमा विशेष जोड दिने ।
(□) सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनमा प्राथमिकता दिने ।
(□) स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन गर्ने ।
(□) अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन गराउने ।
(□) अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन तथा व्यवस्थाप गर्ने ।
(□) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
(□) शिक्षक कर्मचारीको पुरस्कार तथा प्रोत्साहनलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्ने।
(□) शैक्षिक कार्यक्रमहरु तथा संस्थाको अनुगमन गर्ने गराउने । शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन गर्ने ।
(प) विद्यालय शिक्षामा संलग्न जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

Edupatra.com

## ५.२.सङ्घीय इकाइहरूबिचको समन्वय

वलियो समन्वयले सहकार्य र साझेदारीलाई कसिलो बनाउँछ । सङ्घीय इकाइहरूबिचको समन्वयले नै शैक्षिक प्रणालीलाई अपेक्षित स्तरमा लैजान सहयोग गर्छ । समन्वयलाई कार्यसम्पादनको माध्यम बनाउन निम्नानुसारको तरिकाहरू प्रयोग गर्नु पर्ने देखिन्छ ।

1. सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षा हेर्ने निकायबिचको कार्यात्मक सहकार्य र समन्वयको ढाँचा तय गर्ने ।
2. स्थानीय तहको शिक्षा शाखा/विभाग/ महाशाखादेखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रसम्म सबै तहबिच प्रत्यक्ष सम्बन्ध विकास गर्ने जसका लागि प्रविधियुक्त प्रणाली विकास गर्ने ।

3. शैक्षिक सवालहरूमा समन्वय गर्नु पर्ने विषयवस्तुहरू स्पष्ट गरी कार्यजिम्मेवारी पुनर्परिभाषित र व्याख्या गर्ने ।
4. प्रदेशको शिक्षासम्बन्धी कामसमेत गर्ने गरी शिक्षा विकास तथा समन्वय इकाइलाई थप कार्यजिम्मेवारी दिने र प्रदेश तथा सङ्घको सम्बन्ध वलियो बनाउने ।
5. शैक्षिक प्रतिवेदन तथा अन्य आवश्यकीय विवरण प्रयोगमा सहजताका लागि तीनै तहको पहुँच र संलग्नता रहने गरी प्रविधिजन्य प्रणालीको विकास गर्ने । जसको लागि हालको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विवरण समावेश गर्दै लैजाने व्यवस्था मिलाउने ।
6. नेपाल सरकारले गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा रहेको शिक्षासम्बन्धी विवरणलाई थप विस्तृत पार्ने र सङ्घीय इकाइगत जिम्मेवारी तय गर्ने ।

## ५.३. शिक्षामा अन्तर क्षेत्र र तहगत चुनौतीहरू

यस दस्तावेजका प्रावधानहरू कार्यान्वयनका लागि सम्भावित जोखिम र अवरोधहरूले निम्नानुसार रहेका छन् :

- तहगत सरकारका लगानी प्राथमिकतामा एक रूपता कायम गरी शिक्षा क्षेत्रमा पर्याप्त लगानी गर्नु ।
- शिक्षा क्षेत्र सङ्घीय इकाइको उच्च प्राथमिकतामा पर्नु ।
- समयमै आवश्यक कानून, मापदण्ड, संयन्त्र, कार्यविधि बनाउनु ।
- संविधानको भावना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिच सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु।
- शैक्षिक सम्बद्ध सरोकारवाला, निकाय तथा पदाधिकारीबाट सहयोग पाउनु ।
- सबै तहका शैक्षिक संरचनाहरूलाई भूगोल, जनसङ्ख्या, कार्यजिम्मेवारी र आवश्यकताका आधारमा पुर्नसंरचित गर्नु।

Edupatra.com

## सन्दर्भ सामग्रीहरूः


(□) नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

(□) पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), राष्ट्रिय योजना आयोग, काठमाडौं ।

(□) राष्ट्रिय शिक्षा नीति, २०७६, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

(□) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

(□) विद्यालय शिक्षा क्षेत्र योजना (मस्यौदा), नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौँ ।

(□) विद्यालय क्षेत्र विकास योजना, वि.स. २०७३/७४-2079/80, शिक्षा मन्त्रालय।

(□) विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२, शिक्षा मन्त्रालय ।

(□) शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, शिक्षक सेवा आयोग नियमावली, २०५७, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताव ब्यवस्था समिति।

(□) शैक्षिक सूचना विभिन्न अङ्कहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

(□) सबैका लागि शिक्षा राष्ट्रिय समीक्षा प्रतिवेदन (2001-2015) नेपाल सरकार, शिक्षा मन्त्रालय।

(□) Sustainable Development Goal 4: Education 2030, Nepal National Framework, MoEST, 2019

(□) www.cehrd.gov.np

(□) www.educationdata.org

(□) www.ero.np

(□) www.indiabudget.gov.in

(□) www.lawcommission.gov.np

(□) www.moe.gov.np

(□) www.npc.gov.np

(□) www.opmcm.com

(प) www.tsc.gov.np

(फ) www.uis.unesco.org


Edupatra.com

***